गीता-परिचय

[ज्ञान वैराग्य शिक्षा]

रचयिता

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

एम० ए०, डी० फिल०, बि० एल०

संस्थापक— अद्वैत संस्था

एवं

कुलपति – अद्वैत विश्वविद्यालय

नारायणगढ़, नेपाल ।

अद्वैत विद्यालय, नारायणगढ़को नैतिक कक्षाको

निर्दिष्ठ पाठ्यपुस्तक

८८
सिद्धान्त -

गीता - परिचय

[ज्ञान बैराग्य शिक्षा]

अद्वैत विद्यालय, नारायणगढ़को नैतिक कक्षाको
निर्दिष्ठ पाठ्यपुस्तक

रचयिता

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

एम० ए०, डी० फिल०, बि० एल०

संस्थापक— अद्वैत संस्था
एवं
कुलपति - अद्वैत विश्वविद्यालय
नारायणगढ़, नेपाल ।

☆ प्रकाशक: सभापति, अद्वैत विद्यालय क्षेत्रपुर,
नारायणगढ़, नेपाल

☆ रामनवमी
२०२५

☆ सर्वाधिकार सुरक्षित
अद्वैत महाविद्यालय, क्षेत्रपुर

☆ प्रथम प्रकाशन
१००० प्रति

☆ मूल्य ४/।

☆ मुद्रक:—
साक्षात्कार छापाखाना
नारायणगढ़, चितवन, नेपाल।

निवेदन

आजको शिक्षा प्रणालिबाट मानिसको हृदयलाई शान्त तुल्याउनुको सट्टा झन अशान्त भएको बेला बेलाको परिस्थिले झल्काएको वखतमा परम पूज्य गुरूदेवबाट हिन्दुका प्रतिक ईश्वराभिन्न परम आस्तिक **श्री ५ महेन्द्रको** उदय कालमा पुण्य भूमि नेपाल देशका सबै बालबालीकाहरू उच्छृंङ्वल वातावरणले अनाबृत रहोस भन्ने उद्देश्यले यो सानु गीता परिचय (ज्ञान बैराग्य शिक्षा) नामक ग्रन्थ रचना गरीबक्स्यो। यस ग्रन्थले अद्वैत विद्यालयमा प्रवेश गर्नु भएका शुद्ध अन्तःकरण भएको बालबालिकाहरूको हृदयमा श्री देशिकहरूको महाराले गीताको मार्मिक रहश्यपूर्ण उपदेशद्वारा सुखरूप परमात्माको ज्ञान र तत् अभिन्न आफ्नो वास्तव सनातन प्रकाशस्वरूपमा आफू बुद्धि (अनात्मा जो वास्तव आफू होइन त्यस्मा आफू बुद्धि नभै मिथ्या बुद्धि पूर्बक) सरलरूपले गराउनेछ किनकि अत्यन्त सरल प्रकारले गीताको सत श्लोकबाट छानेर मार्मिक श्लोकहरूलाई क्रमबद्धरूपले राखीकन अर्थको ब्याख्यान छोटकरीमा गरि बक्सेको छ। जहाँबाट बालबालिकाहरूले सजीलैसित बुझिकन अनात्म वस्तुबाट बैराग्यवान भएर अर्थात् सम्पूर्ण दृश्य पदार्थ हो कल्पित, मिथ्या भन्ने ज्ञान को दृढ़ताद्वारा अविनाशि आफ्नो वास्तव सुख स्वरूपमा सर्वदा स्थित रहनेछ।

प्रार्थयिता

श्री बसन्तलाल 'सरस्वती'
सभापति, अखिल अद्वैत विश्वविद्यालय,
क्षेत्रपुर, नारायणगढ़, नेपाल।

भूमिका

कम उमेरको वालक वालिका हरूको लागि यो ज्ञान वैरा- ग्य शिक्षा सानु ग्रन्थ अत्यन्त उपहोगी हुन्छ । कम उमेरमा के- टाकेटी हरूलाई स्वप्नझैं देखनमा आईराखेको संसार र ससार- को विषय भोगवाट वैराग्य सजिलो संग उत्पन्न हुन सक्दछ । होसरहित र ज्यादा उमेर भएको मनुष्यको निम्ति ससार भोग- को (समारको आशा इच्छाको) शिथिलता कठिन हुन्छ ।

वैराग्य शिक्षाझैं आफ्नो वास्तव स्व रूपको ज्ञान पनि अल्प- वयस्क वाल वालिका हरूको हृदयमा चढीहाल्छ । त्यसकारण प्रचलित गीता शास्त्रवाट सहज रूपले चुनिएको चालिस वटा श्लोक गीताको ज्ञानका लागि यहाँ समावेश गरिएको छ । अ- ध्यापकको निम्ति ग्रन्थको परिशेषमा यहाँ राखिएको श्लोकको मूल अध्याय र श्लोक सख्या देखाईएको छ ।

अध्यापन कालमा प्रयोजनीयं विस्तृत व्याख्या र स्पष्टीक- रण वाल वालिका हरूको लागि अत्यन्त आवश्यक छ । त्यस- कारण देशिक हरूको ध्यान दृष्टि ग्रन्थार्थको स्पष्टीकरण तिर आकर्षण गर्द छ ।

वैशाख, २०२५
" लक्ष्मि निवास "
२२ कांग्रेश एक्जीविसन रोड **डा० क्षितीशचन्द्र चक्रवर्ती**
कल्कत्ता — १७

डा० क्षितीशचन्द्र चक्रवर्ती

क
प्र शि
ाकेटी
को वि
ोसर
को (
वे
वयस
प्रचि
श्लो
ध्या
मूल

रण
का
आ

वै
"
२
कल्क

गीता परिचयका मूल निर्देश

गीता परिचयको श्लोक संख्या	गीता शास्त्रको अध्याय	श्लोक
१.	२	१
२.	१३	१
३.	१३	२
४.	१०	२०
५.	२	२७
६.	२	२०
७.	२	२४
८.	२	१७
९.	२	१६
१०.	१३	३२
११.	१५	६
१२.	८	२१
१३.	१५	५
१४.	१६	२३
१५.	१३	२७
१६.	११	५४
१७.	१७	३
१८.	४	३९
१९.	१०	१०
२०.	१०	११

गीता परिचयको श्लोक संख्या	गीता शास्त्रको अध्याय	श्लोक
२१.	५	१६
२२.	३	४२
२३.	३	४३
२४.	४	३७
२५.	४	१९
२६.	५	१६
२७.	६	२५
२८.	६	२६
२९.	५	२८
३०.	६	२९
३१.	९	२२
३२.	७	१७
३३.	७	१९
३४.	२	५५
३५.	२	७१
३६.	१२	१५
३७.	१४	२५
३८.	३	१७
३९.	३	१८
४०.	४	२२

—:o:—

प० ६३०६
वा० वि० पी०, पु०
मू० २।-

बैराग्य — शिक्षा

[१]

क्षान्तं न क्षमया गृहोचितसुखं
त्यक्तं न संतोषतः
सोढा दुःसहशीतवात तपनल्केशा
न तप्तं तपः।
ध्यातं वित्तमहर्निशं नियमितप्राणैर्न
शंभोः पदं
तत्तत्कर्म कृतं यदेव मुनिभिस्तैस्तैः
फलैर्वंञ्चिताः॥

अर्थ—

मैले सहन त गरें, तर असक्तभएर गरें। गृहस्थीको सुख न भोगें तर सन्तोषले हैन। शीत, हावा र घामको अतिकडा कष्ट मैले सहन गरें, तर तप गर्न सकिन। दिन-रात ध्यान त गरें तर धनको निम्ति गरें—प्राणायामबाट शिवजीको चरणको ध्यान गरिन। मुनोहरू जो जो कर्म गर्दछन्, त्यो सब मैले गरें तर फल भनें प्राप्त भएन [यसरी हामी वास्तविक फलबाट ठगियौं]

भोगा न भुक्ता वयमेव भोक्ता-
स्तपो न तप्तंवयमेव तप्ता:
कालो न यातो वयमेव याता ।
स्तृष्णा न जीर्णा वयमेव जीर्णा: ॥

अर्थ—

हामीले विषयको भोग गर्न सकेका छैनौं, वरु विषयले नै हामीलाई भोग गऱ्यो (अर्थात हामीलाई असमर्थ तुल्याई दियो) हामीले तप गर्न सकेका छैनौं' तर तपले हामीलाई तपायमान गरि दियो। काल वितेको छैन, तर हामी नै विती सक्यौं (अर्थात् मेरो मरण आई हाल्यो) तृष्णा जीर्ण भएको छैन, तर हामी नं जीर्ण भइहाल्यौं।

[३]

आशा नाम नदी मनोरथजला तृष्णातरंगाकुला
राग ग्राहवती वितर्कविहगा धैर्यद्रुमध्वसिनी
मोहावर्त सुदुस्तरातिगहना प्रोत्तुङ्ग चिन्तातटी
तस्या: पारगता विशुद्धमनसो नन्दन्ति योगीश्वरा:॥

अर्थ—

आशा भन्ने एक नदीछ, जसमा मनोरथरूपी पानी भरिभराऊछ, तृष्णारूपी लहरा (छाल) उठी रहन्छ, जसमा विषय रूपी ग्राह रहन्छ, वितक रूपी चरा जसमाथी विचरण गर्छन् जो (नदी) धर्यरूपी रूखलाई ख-

सालि दिन्छ, जो मोहरूपी भुमरीबाट धेरै दुस्तर, पार-पुग्न कठिन भइहाल्दछ र ठूलो चिन्ता यस नदिको तट हो। ठूल ठूला योगीहरू जसको अन्तःकरण शुद्ध भैसकेको छ —यस नदीको पारपुगीकन आनन्दलाई प्राप्त गरी हाल्छन्।

स्पष्टीकरण—

आशा हो नदीको बराबर। नदीमा जल हुन्छ, लहरा उठ्छ, ग्राह रहन्छ, नदीको माथी चराहरू विचरण गर्छन् नदीको वेगले रूखलाई ढालिदिन्छ, नदीमा भुमरी रहन्छ र त्यसकारण नदी पार हुनु कठिन हुन्छ। फेरी नदीको तट पनि हुन्छ।

विलकुल त्यसरी आशाको उदय भए मनोरथ (यसो गर्छु त्यसो गर्छु भनीकन धेरै आशा) भइरहन्छ, तृष्णा उदय हुन्छ, तृष्णाको धेरै विषयहरू खडाहुन्छ, मनको भित्र वितर्कहरू उठीरहन्छ, धैर्य नष्ट भइहाल्छ र जीवलाई मोह प्राप्त हुन्छ।

चिन्ता हो आशाको तट—अर्थात आशा उदित भए मनको चिन्ता छुट्दैन।

[४]

अवश्यंयातार श्चिरतर मुषित्वापि विषया
वियोगे को भेदस्त्यजति न जनो यत्स्वयममून्॥
व्रजन्तः स्वातन्त्र्यादतुलपरितापाय मनसः
स्वयं त्यक्ता ह्येते शमसुखमनन्तं विदधति॥

धेरैकाल सम्म भोग गरेपछि विषयहरूले अन्तमा अवश्य हामीलाई छोडिदिन्छन्, तब उनिहरूको वियोग र भोग अनन्तर विषय हरूको अभावम के विशेष छ ? अर्थात् केही विशेष छैन, त्यसकारण मनुष्यको कतव्य हो कि विषयहरूलाई स्वयं छोडिदिनु।

किनकि जब विषयहरू आफै गैहाल्छन् तब मानिस लाई ठूलो सन्ताप पर्छ, तर यदि मानिस विषयहरूलाई स्वयं त्यागि दिन्छ (सत्पात्रमा अर्पण गर्छ), तब अनन्त सुख शान्तिको भागी बनीहाल्छ।

[५]

भोगे रोगभयं कुले च्युतिभयं वित्तेनृपालाद्भयं
माने दैन्यभयं वले रिपुभयं रूपे जराया भयम् ।
शास्त्रे वादिभयं गुणेखलभयं काये कृतान्ताद्भयं
सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवा भयम ॥

अर्थ—

भोगमा रोगको भय छ, कुलमा पतित हुनुको भय छ, धनमा चोरबाट भय छ, मानमा दीनताको भय छ, बलमा शत्रुको भय छ, रूपमा बुढाईको भय छ, शास्त्रमा वादीबाट भय छ, गुणमा दुष्टजनबाट भय छ र शरीरमा मृत्युबाट भय छ। संसारमा सबै वस्तु भय-युक्त छ, मात्र मानिसको केवल वैराग्य हो निर्भयको स्थान।

[६]

भोगा मेघवितान मध्यविलसत्सौदामिनी चञ्चला
आयुर्वायु विघट्टिताभ्र पटली लीनाम्वुवद्भङ्गुरम् ।
लोला यौवनलालसा स्तनुभृता मित्या कलय्य द्रुतं
यागे धैर्य समाधिसिद्धसुलभे वुद्धि विदध्वं वुधाः ॥

अर्थ–

[मनुष्यको] भोगहरू मेघहरूमा चम्किने विजुलीको समान चञ्चल क्षणिक हुन्, आयु हावाबाट छिन्न भिन्न भएको बादलमा (कमल पत्रमा) स्थित पानी झैं –क्षणभंगुर हो र यौवनको उमंग पनि स्थित रहँदैन । यस्तो विचार गरेर हे पण्डितहरू धैर्य र चित्त स्थैर्यबाट सुलभ जो ध्यान हो त्यसमा निष्ठावान हुनुहोस् (ब्रह्मज्ञानमा निष्ठा गर्नु होस्) ।

(७)

आयुः कल्लोललोलं कतिपयदिवसस्थायिनी यौवनश्री
रर्थाः संकल्पकल्पा घनसमयतडिद्विभ्रमा भोगपूगाः ।
कण्ठाश्लेषोपगूढं तदपि च न चिरं यत्प्रियाभिः प्रणीतं
ब्रह्मण्या सक्तचित्ता भवत भव भयाम्भोधिपारं तरीतुम् ॥

अर्थ—

आयु लहराको समान चञ्चल हो, यौवनको शोभा अलिदिनको लागि मात्र हो, धनहरू मनको संकल्प झैं क्षणिक छन्, भोगहरू वर्षाकालको विजुलीको समान

चञ्चल छन् र प्रियासित गलामिलाएर आलिङ्गन गर्नु-को सुख पनि धेरैबेर नरहने भएको हुनाले संसारको भयरूपी समुद्रवाट पार हुनको लागि ब्रह्मस्वरूपमा नै चित्तलाई लगाउनु उचित हो ।

(८)

आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवितं
व्यापारैर्बहु कार्यभार गुरुभिः कालो ऽपि न ज्ञायते
दृष्टा जन्मजराविपत्तिमरणं त्रासश्च नोत्पद्यते
पीत्वा मोहमयी प्रमादमदिरा मुन्मत्तभूतं जगत् ॥

अर्थ––

प्रतिदिन सूर्यको उदय र अस्त हुनुबाट आयु क्षीण भइरहेको छ भन्ने पनि थाहा हुँदैन । जन्मनु, बुढोहुनु, आपत्–विपत् पर्नु र मर्नु यस्ता कुरा वारंवार देखिर-हँदा पनि डर हुँदैन भने यो सारा बाट बुझिन्छ कि संसारको मानिस मोहरूपी मदीरा पान गरेर उन्मत्त बनिरहेको छ ।

[९]

प्राप्ताः श्रियः सकलकामदुघास्ततः किं
दत्तं पदं शिरसि विद्विषतां ततः किम् ।
सम्मानिताः प्रणयिनो विभवैस्ततः किं
कल्पं स्थितं तनुभृतां तनुभिस्ततः किम् ॥

अर्थ–

मानिसलाई सारा इच्छाको पूर्ण गर्नेवाला लक्ष्मी

मिलि हाल्यो ता पनि के भयो ? यदि शत्रुहरूलाइ शिरमा लातहानी तिमिले जित्यौं ता पनि के भयो ? यदि धन-बाट मित्रहरू लाई ठूलो सम्मान गरिहाल्यौ त के भयो ? यदि जगतमा प्राणिहरूको वीच एक कल्प सम्म जीवित वस्न पायौं ता पनि के भयो ?

[१०]

भक्तिर्भवे मरणजन्मभयं हृदिस्थं
स्नेहो न वन्धुषु न मन्मथजा विकारः ।
संसर्गदोषरहिता विजना वनान्ता
वैराग्यमस्ति किमतः परमर्थनीयम् ॥

अर्थ—

यदि आफ्नो चैतन्य स्वरूप (शिवजी) मा भक्ति भो, हृदयमा जन्मनु र मर्नु बाट भय भो, वन्धुहरूमा स्नेहको अभाव भो, मनमा कामजनित विकार नहोस् र संसर्ग दोषबाट रहित भएर निर्जन वनमा निवास भो भने यहाँ देखि ज्यादा ठूलो चाहिने वस्तु—अर्थात वैराग्य – के होला ? (यो ५ गुण देखि पृथक वैराग्य भन्ने वस्तु छँदै छैन ।)

[११]

तस्मादनन्तमजरं परमं विकासी
तद्ब्रह्म चिन्तय किमेभिरसद्विकल्पैः ।
यस्यानुषङ्गिण इमे भुवनाधिपत्य–
भोगादयः कृपणलोकमता भवन्ति ॥

अर्थ—

त्यसले अनन्त, जरारहित, सर्वोत्तम, शोक रहित ब्रह्मको चिन्तन गर। यो मिथ्या विकल्पहरू सित के प्रयोजन छ ? (अर्थात् देहादि अहंकारलाई त्यागीकन आफ्नो चैतन्य स्वरूप ब्रह्मको अनुभव गर्दै रहू)। मूर्खहरूलाई भ्रममा पार्ने जुन पृथ्वीको आधिपत्य, भोग, विलास हरू हुन्। यी सारा आफ्नू वास्तव स्वरूपमा कल्पित हो, अर्थात् जो विरक्त पुरूषलाई ब्रह्मस्वरूपको आनन्द प्राप्त भएको छ त्यस्को लागी त्रिभुवनको राजाको भोग बिलास निःसार प्रतीत हुन्छ।

[१२]

पातालकं विशसि यासि नभो विलंध्य
दिङमण्डलं भ्रमसि मानसः चापलेन ।
भ्रान्त्यापि जातु विमलं कथमात्मलीन
तद् ब्रह्म न स्मरसि निर्वृ तिमेषि येन ॥

अर्थ—

हे चित्त ! तिमी आफ्नो चञ्चलताले पातालमा प्रवेश गरी हाल्दछौ, आकाश देखि पनि टाढा पुग्दछौ, दशै दिशामा घुमि रहेछौं। तर भूलले पनि तिमी त्यो विमल आफ्नो ब्रह्म स्वरूपलाई याद गर्दैनौ, जो तिम्रो हृदयमा नै वसि राखेको छ, जस्को यादवाट नै तिमीलाई परमानन्द रूपी मोक्ष मिलिहाल्छ।

(१३)

रात्रि: सैव पुन: स एव दिवसो मत्वाऽबुधा जन्तवो
धावन्त्युद्यमिनस्तथैव निभृत: प्रारब्धतत्क्रिया: ।
व्यापारै: पुनरुक्तमुक्त विषयैरेव विधेनाऽमुना
संसारेण कदर्थिता: कथमहो मोहान्न लज्जामहे ॥

अर्थ—

यो रात उही हो र यो दिन पनि उही हो यस्तो जानेर मूर्ख मानिसहरू आफ्नो, आफ्ना काममा उसै प्रकारले उद्यम गर्दै दौडि रहन्छन् [जस्को पछि यो पैले दौडि रहेको थियो] यिनीहरू त्यै त्यं काममा लागि रहन्छन्, जसबाट, क्षणिक र वारंवारमा वही लाभ भइरहन्छ जसलाई तिनले वारम्बार भोगी सकेको छ । यो आश्चर्यको विषय हो कि यसरी संसारबाट दु:खित भएर पनि (हामी) मानिसलाई तव पनि लाज लाग्दैन [सारांश यो हो कि संसारलाई; अनित्य विषयहरूलाई असार जानीकन हामीहरू त्यहाँबाट विरक्त हुनु उचित हो]

(१४)

किं वेदै: स्मृतिभि: पुराणपठनै: शास्त्रैर्महा विस्तारै:
स्वर्गग्राम कुटी निवास फलदै: कर्मक्रिया विभ्रमै: ।
मुक्त्वैकं भवबन्ध दु:ख रचन विध्वंसकालानलं
स्वात्मानन्दपदप्रवेशकलनं शेषा वणिग्वृत्तय: ॥

अर्थ—

वेद, स्मृति. पुराण र ठूला ठूला शास्त्र पढ्नु र भिन्न

भिन्न प्रकारको कर्मकाण्ड गर्नुबाट स्वर्गमा यौटा कुटी बनाउनुको ठाउ प्राप्त गर्नु बाहेक अरू केलाभ छ? संसार बन्धनरूप दुःखहरूको विनाशक कालरूपी आगो झैं जो ब्रह्मानन्दपद हो त्यसमा प्रवेश गर्नु बाहेक अरू साराचेष्टा हो व्यापारीको मामुली काम जस्ता।

(१५)

मोहं मार्जयतामुपार्जय रतिं चन्द्रार्द्ध चूडामणौं
चेतः स्वर्गतरंगिणीतट भुवामासगमगिंकुरू।
को वा वीचिषु बुद्बुदेषु च तडिल्लेखासु च स्त्रीषुच
ज्वालाग्रेषु च पन्नगेषु च सरिद्वेगेषु च प्रत्ययः

अर्थ—

हे चित्त! ऐले तिमी मोहलाई छोडिकन शिरमा अर्धचन्द्र धारण गर्नेवाला आफ्नो वास्तव भगवान् स्वरूप शिवजीमा प्रीतिगर र गंगा-तटमा स्थित रूखहरूको मुनी विश्राम लेऊ। हेर, पानीको लहरा पानीको फोका विजुलीको चमक, आगोको ज्वाला, आईमाई, सर्प र नदीको प्रभाहको स्थिरतामा कोही विश्वास गर्दैन, किनकि यी सातवटा पदार्थ हुन् — चञ्चल।

(१६)

यावत्स्वस्थमिदं कलेवरगृहं यावच्च दूरे जरा
यावच्चेन्द्रियशक्तिरप्रतिहता याव त्क्षयो नायुषः।
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान्,
प्रोद्दीप्ते भवने च कूपखननं प्रत्युद्यमः कीदृशः

अर्थ—

जहाँसम्म शरीर निरोग रहन्छ, जबसम्म वृद्धावस्था टाढा छ, जबसम्म इन्द्रियहरूको तागत घटेको छैन र जबसम्म आयु क्षीण भएको छैन, तबसम्म बुद्धिमान् मानिसले आफ्नो कल्याणको निम्ती राम्रो प्रयत्न गरीहालुन् । घरजलेपछि कूवाखन्ने उद्योग व्यर्थ हुन्छ (अर्थात् देहइन्द्रिय शिथिल भएपछि मानिसबाट कल्याणको लागि प्रयत्न हुन सक्दैन) ।

(१७)

ज्ञानं सतां मानमदादि—नाशनं

केषांचिदेतन्मदमानकारणम् ।

स्थानं विविक्तं यमिनां विमुक्तये

कामातुराणामतिकाम कारणम् ॥

अर्थ—

सज्जन पुरूषको ज्ञानले तिनीहरूको मान मद आदि (दोष) लाई नाश गरिदिन्छ, तर दुष्ट मानिसको ज्ञानले मद आदि दोष हरूलाई बढाईदिन्छ । एकान्तस्थान योगीहरूको लागि मुक्ति दिलाउने हुन्छ, तर त्यही एकान्त कामी पुरूषको लागि कामज्वाला बढाउने हुन्छ ।

(१८)

महेश्वरे वा जगतामधिश्वरे

जनार्दने वा जगदन्तरात्मनि ।

तयोर्न भेदप्रतिपत्तिरस्ति मे

तथापि भक्तिस्तरुणेन्दु शेखरे ॥

अर्थ—

यद्यपि हाम्रो निम्ति विश्वेश्वर शिव र सर्वात्मा विष्णुमा कुनै भेद छैन, तापनि मेरोमन उनै शिव पट्टी झुक्छ— जसको मस्तक (शिर) मा तरुण चन्द्रमा विराजमान छ। अर्थात् म शिवजीलाई नै चाहन्छु।

(१९)

भोगा भगुरवृत्तयो बहुविधास्तैरेव चायं भव—

स्तत्कस्यैव कृते परिभ्रमत रे लोकाः कृतं चेष्टितैः।

आशापाशशतोपशान्तिविशदं चेतः समाधीयतां

कामोच्छित्तिवशे स्वधाम नि यदि श्रद्धे यमस्मद्वचः ॥

अर्थ—

नाना प्रकारका विषय भोग नाशवान् छन् र ती नै संसार बन्धनको कारण हुन्। यस्तो जानीकन पनि हे मनुष्यहरू! किन यहाँ भ्रमण गरि रहन्छौ? यस्तो भोग नाना चेष्टाबाट केफल मिल्छ? यदि तिमीहरूलाई मेरो वचनमा श्रद्धा छ त अनेक प्रकारको आशाजाललाई नष्ट गरिदेउ र शुद्धभएको चित्तलाई कामनाशक स्वयंप्रकाश शिवस्वरूपमा लगाऊ।

(२०)

आक्रातं मरणेन जन्म जरया विद्यु च्चलं यौवनं

सन्तोषी धनलिप्सया शमसुख प्रौढाङ्गना वि भ्रमैः।

लोकैमत्सरिभिर्गुणा नव भुवो व्यालैर्नृपा दुर्जनै—

रस्थैर्येण विभूतयोऽप्युपहता ग्रस्त न किं केन वा ॥

अर्थ—

यो संसारमा जन्म मृत्युबाट आक्रान्त छ, विद्युत झैं चञ्चल यौवन बुढापाबाट ग्रस्त छ, धनको इच्छाले सन्तोषीलाई ग्रासगरी राखेको छ, सुन्दर स्त्री जनको विलासले शान्तिको सुखलाई छोपी राखेको छ। अर्काको रीस डाह गर्नेहरूबाट गुणहरू छोपिएका छन् सर्प र जनावरले वनलाई ग्रास गरिराखेको छ। दुष्टहरूले राजालाई ग्रास गरिराखेको छ अस्थिरताले धन ऐश्वर्य (विभूति) हरूलाई आच्छादित गरिराखेको छ। तब यस्ता कुन चिज होला, जो कुनै नाशवान् चिजबाट ग्रस्त छैन ? [तात्पर्य यो हो कि आफ्नो वास्तव ब्रह्मस्वरूप कसैबाट ग्रस्त छैन, स्वप्रकाश भएको हुनाले ब्रह्मस्वरूपको न आराधनामा लाग]।

(२१)

आधिव्याधिशतैर्जनस्य विविधैरारोग्यमुन्मूल्यते

लक्ष्मी यत्र पतन्ति तत्र विवृत्तद्वारा इव व्यापदः ।

जातं जातमवश्यमाशु विवशं मृत्युः करोत्यात्मसात्

तत्किं नाम निरंकुशेन विधिना यन्निर्मितं सुस्थितम् ॥

अर्थ—

सैकड़ौं मानसिक र शारीरिक रोगले स्वास्थ्यको नाश गरिदिन्छ। जहाँ सम्पत्ति र प्रभुता हुन्छ, त्यहाँ विपत्तीहरू ढोकालाई खोलिकन चोर जस्तो पसी हाल्छन्। जो जो जन्म लिन्छ, त्यसलाई मृत्युले चाँडैनै बल पूर्वक आफ्नो वशमा पारीलिन्छ। तब

निरंकुश विधाताले सदा स्थायी रहने वाला कुन चिज बनाउनु भयो ? [अर्थात् सारा जगत्का पदार्थ नाशवान् छन्]

(२२)

कृच्छ्रेणामेध्यमध्ये नियमितनुभिः स्थीयते गर्भमध्ये
कान्ताविश्लेष दुःखव्यत्तिकरविषमें यौवने विप्रयोगः ।
नारीणामण्यवज्ञा विलसति नियतं वृद्ध भावोऽप्येसाधुः
संसारे रे मनुष्या? वदत यदि सुखं स्वल्पमप्यस्ति किञ्चित।।

अर्थ–

पैला अवस्थामा मानिस आमाको गर्भमा परिरहन्छ –त्यहाँ मल मूत्र आदि अपवित्र चिजहरूको भित्र परिकन ठूलोकष्ट भोग्दछ र अलिकति पनि चल्न सक्दैन । दोश्रा अवस्थामा (अर्थात् जवानीमा) त्यो आफ्नो प्यारी स्त्रीको वियोग रूपी दुःख सहन गर्छ । तेश्रा अवस्थामा (अर्थात् बुढ़ापनामा) त्यो स्त्रीबाट निरादर पाई मनलाई खिन्न पारीकन दुःखमा परीरहन्छ ।

(त्यसैले वृद्धावस्था पनि) ठिक छैन हे मनुष्यहरू! यो संसारमा यदि अलिकति मात्र पनि सुख छ भने मलाई वताऊ (तात्पर्य यो हो कि संसार असार हो, यसमा सुखको लेस पनि छैन । त्यसैले बुद्धिमान पुरूष आफ्नो ब्रंह्म सुख स्वरूपमा मग्न भई रहन्छ ।

आयुर्बर्षशतं नृणां परिमितं रात्रौ तदर्ध्दं गतं
तस्यार्ध्दस्य परस्य चार्ध्दमपरं बालत्ववृद्धत्व योः।
शेषं व्याधिवियोग दुःख सहितं सेवादिभिर्नीयते
जीवे वारितरंग चंचलतरे सौख्यं कुतः प्राणिनाम्।

अर्थ–

मानिसको आयु सय वर्ष मानिन्छ त्यसमा आधा भाग (५० वर्ष) रातमा सुतेर बिती हाल्छ, बाँकीको आधा भाग (अर्थात् ५० वर्षको आधा २५ वर्ष) बालक अवस्था र बुढापामा गैहाल्छ र अब जो बाँकि रहन्छ (अर्थात् बाँकि २५ वर्ष) व्याधि (रोग) वियोग र दुःख सित विती हाल्छ। तब बताऊ पानिको लहरा झैं चञ्चल यस जीवनमा मानिसलाई राम्रो सुख कहाँबाट मिल्न सक्ला ? [अर्थात् संसारबाट सुख पाइदैन]

ब्रह्मज्ञान विवेकिनोऽमलधियः कुर्वन्त्यहो दुष्करं
यन्मुञ्चन्त्युपभोग भाञ्जयपि धनान्येकान्ततो निःस्पृहाः।
न प्राप्तानि पुरा न संप्रति न च प्राप्तो दृढ़प्रत्ययो
वाञ्छामात्र परिग्रहाण्यपि परं त्यक्तुं न शक्ता वयम्॥

अर्थ–

जो पुरुषहरूको बुद्धि ब्रह्मज्ञानको विवेकबाट निर्मल भैसकेको छ (अर्थात् ब्रह्मज्ञानी हो) तिनीहरूले धेरै आश्चर्य जनक काम गरीरहनु हुन्छ यिनीहरू उपभोग योग्य धन ऐश्वर्य र फेरि त्यस्को अलिकति पनि इच्छा गर्नु हुन्न, प्राप्त गरीकन पनि त्यसलाई परित्याग गर्नु हुन्छ। तर हामीहरूको त धन दौलत न पहिले

प्राप्त थियो, न अहिले प्राप्तछ र न त भविष्यमा नै प्राप्तहुने भरोसा छ। हामीहरूले धन प्राप्तिको इच्छा-मात्र गरीरहहेका छौं। तापनि हामी धन प्राप्तिको आशालाई छोडन नसक्ने छौं।

स्पष्टीकरण—

बुद्धिमान विवेकी पुरूष र साधारण मनुष्यको भिन्न भेद——

निर्मल ज्ञानवान पुरूष विषय भोग, धन, दौलत आदिको विल्कुलै त्याग गरीदिनु हुन्छ र फेरि त्यस्को इच्छा गर्नु हुन्न।

·साधारण मानिसलाई धन दौलत आदि पैल्हे पनि मिलेको थिएन, बर्तमान कालमा पनि मिलेको छैन भविष्यमा पनि मिल्ने हैन तापनि विषयको इच्छालाई छोड्न सक्दैन।

कत्रो आश्चर्य हो कि ज्ञानवान्को विषय भोग आदि मिलेको छ तापनि विषयबाट अलग रहनुहुन्छ किन्तु अविवेकी साधारण मानिसको विषय प्राप्तिको इच्छा भइरहन्छ, तर विषयादि प्राप्तिको संभावना छैन तापनि विषयको इच्छा मात्रलाई त्याग्न असमर्थ हुन्छ।

यहाँबाट बुझिन्छ कि ज्ञानवान्को अद्भूत महिमा छ र तिन्को कृति आश्चर्य जनक हो—प्राप्त भएको विषय धन दौलत त्यागीदिनु हुन्छ र त्यसमा अलिकति पनि इच्छा राख्नु हुन्न। किन्तु अविवेकि मनुष्य विषय आदि प्राप्त नभईकन पनि विषयको आशा मात्रलाई छोड्न सक्दैनन्।

गीताको ज्ञान

स

ल

श्री

गीताको ज्ञान

गीताको सार श्लोकहरू

सञ्जय उवाचः–

तं तथा कृपयाविष्टमश्रुपूर्णकुलेक्षणम् ।
विषदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

श्री भगवानुवाचः–

इदं शरीरं कौन्तेय ! क्षेत्रमित्यभिधीयते।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥२॥

क्षत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥३॥

अह आत्मा गुडाकेश ! सर्व भूताशय—स्थितः ॥
अहमादिश्च मध्य च भूतानामन्त एव च ॥४॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥५॥

न जायते म्रियते वा कदाचिन् ।
नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽय पुराणो
नहन्यते हन्यमाने शरीरे ॥६॥

अच्छेद्योऽ यमदाह्योऽ यमक्लेद्योऽ शोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽय सनातनः ॥७॥

अविनाशि तु तद् विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित् कर्तुमर्हति ॥८॥

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।

उभयोरपि दृष्टोऽन्तरस्त्वनयोस्तत्त्वदर्शिभिः ॥६॥
यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥१०॥
न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम
अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
य प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥१२॥
निर्मानमोहा जितसंगदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥१३॥
यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥१४॥
समं सर्वेषु भूतेषु तिष्ठंन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यंन्तं यः पश्यति स पश्यति ॥१५॥
भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ! ॥१६॥
सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽय पुरुषो यो यच्छ्रद्धः स एव सः ॥१७॥
श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानंलब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥१८॥
तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येनमामुपयान्ति ते ॥१९॥
तेषामेवानुकम्पार्थं महमज्ञानजं तमः ।

नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥ २० ॥
ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥ २१ ॥
इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥ २२ ॥
एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो ! कामरूपं दुरासदम् ॥ २३ ॥
यथैधांसि समिद्धोऽग्निर्भस्मसात् कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा ॥ २४ ॥
यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ॥
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥ २५ ॥
कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रम्हनिर्वाणं वर्तते विदितात्मनाम् ॥ २६ ॥
शनैः शनैरुपरमेद् बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत् ॥ २७ ॥
यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥ २८ ॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥ २९ ॥
सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥ ३० ॥
अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥ ३१ ॥
तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।

प्रियो हि ज्ञानिनो ऽत्यर्थमहं स च मम प्रियः ॥३२॥
बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥ ३३ ॥
प्रजहाति यदा कामान् सर्वान् पार्थ ! मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥ ३४ ॥
विहाय कामान् यः सर्वान् पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥ ३५ ॥
यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥३६॥
मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः।
सर्वारम्भपरित्यागी गुणतीतः स उच्यते ॥ ३७ ॥
यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥ ३८ ॥
नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥ ३९ ॥
यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥ ४० ॥

सार श्लोकहरुको टीका

श्लोक १ को अर्थ—

संजयले भन्नु भयो—यसरी गुरू, मित्र, सुहृत हरूको निश्चित बधबाट शोक प्राप्त, आँखामा आँसूले भरीएको र अत्यन्त खिन्न अर्जुनलाई कृष्ण परमात्माले उपदेश वाक्य बताउनुभो ।

श्लोकको टीका:—

अर्जुनको शोक (मनको ताप) मोह (अविवेक) आदि संसारको वीजरूप दोष उत्पन्न भएको छ। यसको कारण यो हो कि अर्जुनले राज्य, गुरु, मित्र, सुहृत, सज्जन सम्बन्धी र बान्धवहरूको प्रति 'म यिनीहरूको' र 'यिनीहरू मेरा' भन्ने भ्रान्तिजनित स्नेह र यिनीहरू संगको वियोगको संभावना हो शोक र मोहको कारण। शोक र मोह आदि उत्पन्न भएकोले विवेक विज्ञान हराएर गयो। आत्मज्ञान विना शोक र मोह निवृत्त हुँदैन। त्यसैले त्यही आत्मज्ञानको उपदेशको निमित्त भगवान् वासुदेवले 'इदं शरीरं कौन्तेय!' इत्यादि भन्नु भयो ।

श्लोक २ को अर्थ—

हे कुन्तीनन्दन ! यो दृश्यमान शरीरलाई "क्षेत्र" भनेको छ र यो क्षेत्रलाई जो जान्दछ त्यसलाई–क्षेत्र र क्षेत्रज्ञका ज्ञाताहरू — " क्षेत्रज्ञ " भनी निर्देश गर्दछन् ।

श्लोकको टीका:—

भूमि आदि अपरा प्रकृति हो क्षेत्र या शरीर, र जीवरूपा परा (श्रेष्ठ) प्रकृति हो क्षेत्रज्ञ (शरीर भित्र स्थित साक्षिचैतन्य–देह प्राण मन बुद्धि र अहङ्कारको प्रकाशक या ज्ञाता | विवेकपूर्वक यो मायिक दुइ भावको निरसनद्वारा उपहित शुद्ध अद्वितीय आफ्नू [क्षेत्रज्ञको] यथार्थ परिशिष्ट चिदानन्द परमात्मस्वरूप देखाउनाको लागि–अर्थात विवेकद्वारा क्षेत्र–देखि भिन्न क्षेत्रज्ञलाई निर्विशेष परमात्मास्वरूप [यो नै हो महावाक्यको अर्थ] देखाउनाको लागि–किनकि क्षेत्र र क्षेत्रज्ञ भाव अथवा पृथिवी आदि जगत र अन्तर्यामी भाव हो कल्पित, र निरूपाधिक, ईश्वरभाव हो वास्तव – भगवान्ले भ्रमनाशक वचन भन्नुभयो कि इन्द्रिय र मनयुक्त, भोगालय, स्थूल, जड्, दृश्य र विनश्वर शरीरलाई क्षेत्र भन्दछन् किनकि यो शरीरमा बारबार कर्मका सिद्धि संभव हुन्छ [जस्तो खेतमा बार बार अन्न उत्पन्न हुन्छ] र जो अहं मम अभिमानले यो शरीर संघातलाई सर्वप्रकारले जान्दछ

[निर्विभाग परमात्मा यसरी जान्नुहुन्न] त्यं चेतन स्वयंप्रकाश ज्ञातालाई क्षेत्रज्ञ भनिन्छ ।

शरीरभिन्न रहीकन जो स्वयंप्रकाश जीव चैतन्य देहादिलाई सर्व प्रकारले जान्दछ (अर्थात् प्रकाश गर्दछ) त्यो हो वास्तवमा शुद्ध निर्विभाग चिदानन्द परब्रह्म (यो शास्त्र उपदेशबाट ज्ञानद्वारा जानिन्छ)। देहादि जड् भएको हुनाले चेतन ज्ञाताबाट मात्र प्रकाशित हुन्छ (त्यो देखि भिन्न देहादिको सत्ता हुनसक्दैन)।

वास्तवमा यो दुई प्रकृति [क्षेत्र र क्षेत्रज्ञ] परमात्मस्वरूपमा आरोपित भएको हुनाले त्यो दुई अधिष्ठान निर्विशेष भगवत्स्वरूप नै हो। विशिष्ट प्रमाता चैतन्य अथवा अविद्या उपहित साक्षिचैतन्य हो वास्तवमा एक अद्वितीय शुद्ध अखण्ड चिदानन्दस्वरूप परमात्मा।

प्रश्नः– संसारी जीवहरू प्रतिशरीरमा भिन्न-भिन्न हुन् त्यसकारण एक शुद्ध परमात्माको साथ तिन्को एकता कसरी संभव होला ?

उत्तरः– भगवान् देखाउनुहुन्छ कि जीवको **जो संसारी र भिन्न भाव, त्यो एक परमात्मास्वरूपमा अविद्याबाट कल्पित छ;** त्यसकारण यो (१३रौं) अध्यायमा पहिले देहेन्द्रियादि रूप क्षेत्रदेखि चेतन ज्ञाताको (साक्षिचैतन्यको) पार्थक्य देखाइएको

छ। यो पार्थक्यज्ञान (विवेक) भएपछि स्पष्ट बुझ्न सकिन्छ कि यो क्षेत्रज्ञ हो प्रतिशरीरमा एक निर्विकार अद्वितीय परमात्मा। यसैको निरूपणको लागि नै यो अध्यायमा क्षेत्र र क्षेत्रज्ञको विवेक गरिन्छ।

श्लोक ३ को अर्थ—

हे भरतवंशोद्भव! सारा क्षेत्रमा अवस्थित भएको क्षेत्रज्ञलाई म देखि अभिन्न भनी जान्नू। क्षेत्र र क्षेत्रज्ञ यो दुइको ज्ञान हो सम्यक्ज्ञान, यै हो मेरो अभिप्राय।

श्लोकको टीका—

शरीरमा स्थित, देह इन्द्रियादिको प्रकाशक क्षेत्रज्ञ (साक्षिचैतन्य) हो असंसारी परमेश्वर। जो अनेक शरीरमा नाना उपाधिले विभक्त भनी प्रतीत हुन्छ त्यो हो वास्तवमा सारा उपाधि भेदरहित, शब्द प्रत्ययको अगोचर, एक, अद्वितीय चैतन्य र आनन्दस्वरूप भगवान्। **क्षेत्र, क्षेत्रज्ञ र ईश्वर यिनीहरूको यथार्थ स्वरूप जान्नु बाहेक अरू केही जान्ने विषय छैन।** क्षेत्र र क्षेत्रज्ञ रूप दुई प्रकृतिको तत्त्व निरूपणबाट ती दुई प्रकृतियुक्त ईश्वरको तत्त्व निर्धारण गरिन्छ— जुन ज्ञानबाट यो क्षेत्र र क्षेत्रज्ञको वास्तवस्वरूप बुझिन्छ, त्यो ज्ञाननै हो यथार्थ ज्ञान।

क्षेत्रदेखि क्षेत्रज्ञलाई पृथक गरीकन त्यो विविक्त क्षेत्रज्ञलाई सारा उपाधिरहित ज्ञेय ब्रह्म भनी जान्नुपर्छ। स्वप्नदृष्ट पदार्थ झैं क्षेत्र असत् भैकन पनि सत्‌रूपले अव भासित हुन्छ (अर्थात् जगत् हो मिथ्या, परमात्मा हो सत्य र जीव हो परमात्मस्वरूप नै, भोक्ता आदि हैन) त्यसो भए क्षेत्ररूप दृश्यको बाधगरीकन क्षेत्रज्ञ रूप दृशिस्वरूपलाई ब्रह्म भनी जान्नु पर्छ। सारा प्राणी हो– क्षेत्रज्ञात्मक परमात्मा, अरू केही हैन, यस्तो बुझ्नु पर्छ– यो हो ईश्वरको अभिप्राय।

यसरी त्वं पदार्थ हो, देहेन्द्रियादिदेखि पृथक्, स्वप्रकाश साक्षिचैतन्य (क्षेत्रज्ञ)। ब्रह्मादेखि शुरू गरीकन स्थावरसम्म सारा क्षेत्रमा एक अद्वय स्वप्रकाश चिद्‌घन सर्वव्यापी क्षेत्रज्ञ हुनुहुन्छ। त्यसमा अविद्याबाट आरोपित कर्ता भोक्ताआदि सारा भ्रमज्ञानलाई परित्याग गरेर त्यो क्षेत्रज्ञ आफ्नू स्वरूपलाई परमात्मा भनी जान्नू, यै कुरा भगवान्‌ले बताउनु भयो। अद्वय आनन्द अन्तरात्मा (क्षेत्रज्ञ) अक्षर अचलरूप ममा नै कल्पित भएको, मिथ्या सारा क्षेत्रमा– जीवको अन्तर्यामी या साक्षीरूपले 'म आफूनै स्थित रहेको छु चिद्‌घन क्षेत्रज्ञ, ममा सारा भेद मायाद्वारा कल्पित हुन्छ। विद्याको सहाराले त्यो माया र त्यसको (साक्षिप्रत्यक्ष) भेदरूप सारा कार्य परित्याग गरीकन– क्षेत्रदेखि भिन्न आफ्नू

अन्तरात्मस्वरूपलाई तिमी आदरपूर्वक– निर्विकार सदामुक्त अखण्ड अद्वितीय चित्स्वरूप भगवान् (वासुदेव म) भनी जान्नू। किनकि क्षेत्रज्ञ भगवान् ममा– मायाकृत बन्ध– वास्तवमा हुन सक्दैन। त्यसकारण क्षेत्रज्ञ हो, नित्य मुक्त स्वभाव महेश्वर भगवान् म। अनन्त **परमात्मा ममा क्षेत्रज्ञ भाव अविद्याबाट कल्पित भएको हो।** परमेश्वरमा मायाद्वारा सर्वज्ञत्व आदि धर्म कल्पित हुन्छ, त्यो वास्तव ईश्वरमा छैन। त्यस्तो अल्पज्ञत्व आदि धर्म पनि मायाद्वारा कल्पित भएको हुनाले– कूटस्थ मलरहित आफ्नू क्षेत्रज्ञ (साक्षी) स्वरूपमा रहन सक्दैन। त्यसोभए जीवमा भएको बन्ध अथवा ईश्वरमा भएको सर्वज्ञत्व आदि धर्म (यो दुइजीव र ईश्वरमा भेद खडा गर्छ) हो केवल उपाधिकृत। त्यो उपाधिकृत भेदलाई साँचो मानिकन जीव र ईश्वरमा अभेद देखाएको हैन।

श्लोक ४ को अर्थः—

हे जितेन्द्रिय ! म सारा प्राणीको हृदयभित्र अवस्थित भएको आत्मा हुँ, म नै हूँ सारा भूतको आदि, मध्य र अन्त्य।

श्लोकको टीकाः—

भगवान्को जो पारमार्थिक [निरूपाधिक] स्वरूप हो उसैमा नै अर्जुनको मनलाई स्थित गराउनु हुन्छ।

परमेश्वरको जो सोपाधिकरूप हो त्यो काल्पनिक भएको हुनाले पछि भनिन्छ। 'सकल भूतको हृदयमा स्थित जो आफ्नो स्वरूप किम्बा अन्तरात्मा हो त्यो म नै हुँ, यो महावाक्यको अर्थ पैले बताइन्छ । यस प्रकारले नै मेरो सर्वदा ध्यान गर्नु उचित हो, ती मन्द किम्बा मध्यम अधिकारी हुने परमात्मालाई आत्मभावले चिन्तन [ध्यान] गर्न सक्दैनन, त्य जगतको उत्पत्ति स्थिति र नियमन कर्तृरूपले मलाई ध्यान गर्छन् अर्थात आदित्य आदिमा सवकारण सर्वज्ञ सर्वेश्वर परमेश्वरलाई न ध्यान गर्नु अरू कसैलाई होइन । सर्व भूतको अन्तरात्मारूपले निरूपाधिक रूपले मलाई ध्यान गर्नमा समर्थ नभएपछि म जगतको उत्पत्ति आदिको कर्ता हुँ यस प्रकारले सोपाधिक रूपले मेरो ध्यान गर्नू ।

श्लोक ५ को अर्थः—

जन्मेको मानिसको मरण निश्चित छ। मरेको मानिसको पुनर्जन्म पनि निश्चित छ । त्यसले जन्म र मरणरूप अपरिहार्य [हटाउन नसकिने] बिषयमा तिमी कहिले पनि शोक गर्न पाउँदैनौ ।

श्लोकको टीकाः—

जन्म, मरणरूप भाव कहिले पनि परिहार गर्न सकिँदैन अर्थात—कुनै प्रकारको उपायद्वारा हट्न संभव छैन । त्यसकारण यो अपरिहार्य विषयमा तिमीले

शोक गर्नु उचित छैन ।

श्लोक ६ को अर्थः—

यो आत्मा कहिले पनि जन्मदैन, कहिले पनि मर्दैन, किनभने शरीर आदि झैं यो आत्मा एक पटक जन्मेपछि फेरि विनाश हुँदैन । शरीरको नाश भएपनि जन्महीन, बिनाश रहित अविकृत र नित्य, सिद्ध आत्माको नाश हुँदैन ।

श्लोक ७ को अर्थः—

उत्पत्तिरूप पहिलो विकार र विनाशरूप अन्तिम विकार आत्माको हुन सक्दैन, [त्यसंले आत्मामा सारा विकारहरूको निषेध भएको हो]। उत्पत्ति आदि विकार जड भएका हुनाले साक्षी आत्माबाट सिद्ध हुन्छन । त्यसैले उत्पत्तिभन्दा पहिले साक्षी सिद्ध हुन्छ । उत्पत्तिभन्दा पहिले पनि आत्माको अभाव हुदैन, त्यसले साक्षीको जन्म हुन सक्दैन । यसरी आफ्नो विनाशको पनि साक्षी आफू हुन सक्दैन । त्यसकारण आफ्नो स्थितिकालमा आफ्नो अभाव हुन सक्दैन । विनाशभन्दा पछि साक्षी रहदैन भने विनाश प्रामाणिक हुँदैन । त्यसैले आत्मा सबै किसिमको विकारदेखि रहित हो ।

श्लोकको टीकाः—

यो आत्मा अच्छेद्य [काट्न नसकिने], अदाह्य

[डढाउन नसकिने], अक्लेद्य [भिजाउन नसकिने], अशोष्य [सुकाउन नसकिने], नित्य [रहिरहने], सर्वगत [सर्वत्र छाइएको] ठूटो जस्तै अचल र सनातन हो ।

श्लोकको टीका:—

आत्मा दुर्ज्ञेय [जान्न मुश्किल] भएको हुनाले वारंवार प्रसङ्ग झिकेर संसारमा आसक्त भएका मानिसको निमित्त यो आत्मतत्त्व प्रकाशित गरी उनीहरूको दु:ख हटाउनाको लागि भगवान् उपदेश दिनु हुन्छ ।

पृथिवी आदि भूतहरूले यो आत्माको नाश गर्न नसक्ने हुदा आत्मा नित्य हो, नित्य हुनाले सर्वगत हो। सर्वगत हुँनाले स्थाणु [ठूलो रूख झैं स्थिर]हो । स्थिर हुनाले अचल हो । अचल हुनाले आत्मा सनातन (चिरन्तन अर्थात् रहिरहने) हो । यसरी आफ्नो स्वरूपलाई (आफूलाई) दुइटा देहबाट भिन्न समाधिदशाप्राप्त अहंभाव रहित शुद्ध चैतन्य (वा सत् मात्र ब्रह्म) जानेपछि सारा शोक र मोहको निबृत्ति भइहाल्छ ।

श्लोक - ८ अर्थ :—

जसद्वारा यो सारा जगत् व्याप्त (भरिएको) छ उसँलाई अविनाशी (नाश नहुने) जान्नू । यो सर्वव्यापक सत् वस्तुको विनाश गर्न कसैको सामर्थ्य छैन !

श्लोकको टीका :—

आकाश भित्र जस्तो घट आदि पदार्थहरू प्रविष्ट छन्, त्यस्तै यो सारा जगत ब्रम्ह भित्र प्रविष्ट छ। सत् ब्रम्ह आफ्नो रूपले कहिले पनि अन्यथा भावमा प्राप्त हुँदैन (चैतन्य वा अनुभव रूपले सँधै प्रकाशित रहन्छ)। अव्यय यो ब्रम्ह सबैको आत्मा हुनाले ईश्वर पनि आफ्नो स्वरूपलाई विनाश गर्न सक्दैन। किनभने आत्मा नै आफ्नो स्वरूप हो र आफूले आफूलाई विनाश गर्न सक्दैन।

श्लोक ९ को अर्थः–

असत्को (अज्ञान-कल्पित शीत, उष्ण आदिको) सत्ता छैन। परमार्थ सत् वस्तुको पनि विनाश छैन। तत्त्वज्ञ पण्डितहरूले यसरी सत् र असत्को स्वरूप निर्णय गरेका छन्।

श्लोकको टीकाः–

कारण-सहित अविद्यमान शीत उष्ण आदिको अस्तित्व छैन। घट आदि जस्तो माटो देखि भिन्न अर्को केही छैन, त्यस्तै सारा कार्यहरू कारणलाई छोडेर उपलब्ध हुँदैनन्, त्यस हुँदा कार्यरूपले असत् हो। उत्पत्ति भन्दा पहिले र विनाश भन्दा पछि कार्य उपलब्ध हुँदैन। त्यसैले घट आदि झैं माटो इत्यादि पनि कार्यअसत् हो। अर्थात् कारणविना अनुपलब्ध हुनाले माटो पनि असत् हो।

हरेक प्रकारको व्यवहारकालमा सत् बुद्धि र असत् बुद्धि यी दुई प्रकारका बुद्धि – उपलब्ध हुन्छन् । जुन वस्तुको लागि ज्ञान कहिले पनि अन्यथा भाव प्राप्त हुँदैन, त्यही वस्तु सत हो । जुन वस्तुको ज्ञान अन्यथा परिवर्तन हुन्छ, त्यो वस्तुलाई असत भन्छन् । घट आदि रूप जो असत् बुद्धिको विषय हो, उ व्यभिचरित हुन्छ, तर सत बुद्धि व्यभिचरित हुँदैन, किनभने घट व्यवहार नष्ट भएँतापनि पट आदि व्यवहारमा सत् बुद्धिको प्रकाश भइरहन्छ (पट छ यस्तो रूपले) । सत्ता नै सत् बुद्धिको विषय हो ।

घट आदि विशेष्य असत् भए कसरी सत् वस्तुसंग एउटा ज्ञानमा अभिन्न रूपले अर्को प्रतिभास (घट छ भन्ने) होला त्यो शंकाको जवाफ यो हो कि- जसरी मिथ्याभूत पानीसंग साँचो मरुभूमिको अभिन्न रूपले एउटा ज्ञानमा प्रकाश हुन्छ, (अर्थात् मृगतृष्णामा मरुभूमिलाई यथार्थ नजाने पछि उसमा जल-बुद्धि हुन्छ) असत् शरीर आदि र सुख-दुःख आदि तथा उनीहरूको कारण अज्ञानको वास्तविक सत्ता छैन, किनभने आत्मस्वरूपको ज्ञान भएपछि अज्ञान रहँदैन ।

योगवाशिष्ठ (उपशम-सर्ग ५५ र ९१) मा सत् र असत्को निर्णय यसरी गरेको छ:—

परमार्थ सत् वस्तु हो सत्तासामान्य वा सन्मात्र (ब्रम्ह) । जगत्को अत्यन्त अभावको भावना भए चित्त

क्षीण भएर जान्छ । त्यसपछि परिशिष्ट रूपले जो बाँकि रहन्छ, त्यो सत्ता सामान्य हो । चित्तरहित जुन आत्मसत्ता चित्त लीन भएपछि जो स्वतः उदित भइहाल्छ (स्वाभाविक रूपले जसको भान वा अनुभव भइरहन्छ) त्यही सत्तासामान्य हो । जब सारा इन्द्रिय र प्रपञ्च शान्त भएर जान्छन् अनि शुद्ध बोध (चैतन्य) मात्र बाँकी रहन्छ-भित्र र बाहिर भन्ने ब्यवधान रहँदैन । सारा जगत् एक रूप भएर जान्छ र समाधि र व्युत्थानको केही भेद रहँदैन - यस्तो व्यवस्थाको प्राप्तिलाई सत्तासामान्य (वा तुरीयातीत पद) भन्छन्। सारा दृश्य पदार्थको भावना जब हट्छ तब संवित् सत्ताले मात्र [शुद्ध चैतन्य वा प्रकाश] परिशिष्ट रहन्छ, त्यही सन्मात्र वा सत्तासामान्य परम पद हो ।

यो संवित् सत्ताले संकल्पद्वारा जब संवेदन देख्छ (संवित्‌को साथ दृश्यको स्पर्श हुन्छ, अर्थात् चैतन्य जब वासना-संयुक्त हुन्छ, जस्तो सपनामा कुनै मानिस आफ्नो मृत्यु देख्छ) तब 'म हुँ' यस्तो सम्बेदन जगतको जाललाई सृष्टि गर्छ । यो दृश्य संयुक्त द्रष्टाभाव वा चेत्य—उन्मुख चेतन भाव वा दृश्य पदार्थको भावना—असम्यक् ज्ञानले उत्पन्न भएको हुनाले भ्रमरूप वा असत (झूटो) हो ।

यसरी सत् आत्माको अभाव (अविद्यमानता) हुँदैन, किनकि आत्मा सर्वत्र नियमित रूपले विद्यमान रहन्छ। यस प्रकार सत् आत्मा र असत् अनात्मा (देह, इन्द्रिय, विषय)—यी दुइटैको निर्णय थाहा भयो।

'सत् सतं हो असत् असतै हो' यस्तो निश्चय तत्त्व ज्ञानीहरूले गरेको हुन्छन्। तत्त्व शब्दको अर्थ ब्रह्म आत्माको यथार्थ स्वरूप हो। त्यही ब्रह्मको यथार्थ स्वरूप दर्शननै तिनीहरूको स्वभाव हो, तिनोहरू तत्त्वदर्शी हुन्। हे अर्जुन, तिमी पनि तत्त्वदर्शीको दृष्टि अवलम्वन गरेर शोक र मोहको परिहार पूर्वक नियत र अनियत शीत, उष्ण सुख दुःखलाई "यो सारा विकार मरु मरीचिका झैं मिथ्या भैकन भासेको हो" यस प्रकार हृदयमा निश्चय गरीकन सहन गर—सुख, दुःखहरूलाई साँचो मानीकन व्यथित नहोऊ।

श्लोक १० को अर्थ—

आकाश जस्तो स्वगत भैकन पनि सूक्ष्म भएको हुनाले कुनैं वस्तुसित मिल्दैन, त्यस्तै यो क्षेत्रज्ञ सबै देहमा विद्यमान भैकन पनि केहीबाट लिप्त हुंदैन।

श्लोकको टीका:—

आत्माको कुनै भूतविकारबाट लेप हुँदैन, यो दृष्टान्तद्वारा स्पष्ट गरिन्छ। जस्तो आकाश व्यापक

भएकन पनि सूक्ष्मतावशात् लिप्त हुँदैन कसैसित सम्बन्ध हुँदैन, त्यस्तो सबै देहमा अवस्थित भएकन पनि आत्मा (आफ्नू क्षेत्रज्ञस्वरूप) मन बुद्धि अहंकाररूप कुनै अनात्म पदार्थसित मिल्दैन, किनकि आत्माको असङ्गता कल्यै पनि व्याहत हुन सक्दन् ।

श्लोक ११ को अर्थ—

सूर्य, चन्द्र र अग्नि कोही पनि त्यो धामलाई (अद्वैत आत्मस्वरूपलाई) प्रकाश गर्न सक्दैनन् । जुन पदलाई प्राप्त भएपछि फेरी संसारमा फर्कनु पर्दैन, त्यो नै हो मेरो परम धाम ।

श्लोकको टीका :–

शुद्ध चैतन्यरूप आत्मवस्तु हो, त्यो धाम । सूर्यको सर्व अवभाषण शक्ति भए तापनि त्यस्ले आत्मचैतन्य-लाई प्रकाश गर्न सक्दैन । अद्वैत आत्मतत्त्व हो स्वयं प्रकाश ।त्यसले नै सूर्य आदिलाई प्रकाशित गर्छ । "म सूर्यलाई जान्दछु" यसरी पहिले चिद्रूप आत्मा स्वयं प्रकाशमान भएपछि त्यो प्रकाशद्वारा कवलित भैकन सूर्य प्रकाशित हुन्छ । सूर्य आफू प्रकाशित हुन सक्दैन । यस कारण आत्मतत्त्व अरूबाट वेद्य नभैकन पनि प्रत्यक्ष अनुभूयमान (स्वतः प्रकाशमान) वस्तु भनी सिद्ध हुन्छ । यो यथार्थ आत्मस्वरूप प्राप्त भएपछि संसा-रको अत्यन्त आभव भैहाल्छ, त्यस्कारण संसारमा

पुनरागमन संभाव हुँदैन ।

श्लोक १२ को टिका :–

जुनभाव अव्यक्त र अक्षर शद्बद्वारा प्रतिपादित भएको छ, त्यसैलाई नै परम गति भनी शास्त्रकार-हरूले निर्देश गरेका छन् । जुन चाहि प्राप्त भएपछि फेरि पुनरावर्तन हुँदैन त्यही नै मेरो परमधाम हो ।

लोकको टीका :—

त्यो अक्षर नाम भएको जुन अव्यक्त (इन्द्रियगोचार नभएको) भाव नै परम गति हो। जुन सत्तास्वरूपलाई पाएपछि संसार भोग गर्न पुनरावर्तन हुँदैन । त्यही नै विष्णुको परमपद (सद्रूप ब्रम्ह भाव) हो– म नै मोक्षस्वरूप सर्वोत्कृष्ट भाव हुँ ।

श्लोक १३ को अर्थ :–

जस्को अभिमान र मोह छैन, तिनीहरू परमात्माको स्वरूप जान्नको लागि सदा तत्पर हुन्छन्, संगरूप दोष-लाई जसले जितिसकेका छन् तिनीहरू निष्काम हुन्छन् । सुख र दुःख यो द्वंद्वबाट जो विशेषरूपले मुक्त भएका छन् र जो मोहवर्जित हुन्, तिनीहरू नै त्यो अव्यय पद-लाई (अद्वैत आत्मस्वरुपलाई) प्राप्त गर्छन ।

श्लोकको टीका :—

कस्तो प्रकारको स्वभाव भएको मानिस त्यो पदलाई प्राप्त गर्छ, त्यो नै बताइन्छ । मान (अहंकार) र

मोह (अविवेक) जस्को अन्तःकरणबाट हराइसकेको छ, जसले संगदोषलाई जितेको छ (द्वेष र प्रीति वर्जित हुन्) अद्वितीय परमानन्दस्वरूप आत्मतत्त्वको नै सर्वदा आलोचना गर्नु हो जस्को स्वभाव, जसको श्रवण आदि मा नै निष्ठा छ, जसको कामना बिलकुल निवृत्त भसकेको छ [अर्थात् जसले वैराग्यद्वारा सारा कर्म परित्याग गरेको छ, यस्तो संन्यासी] प्रिय किंवा अप्रिय, सुख किंवा दुःख - यो सारा द्वंद्वबाट जो बिलकुल मुक्त भएका छन् र जो मोह वर्जित [निर्विषय चैतन्यस्वरूपमा आफू बुद्धि गरिराखेका] छन्, तिनीहरु नै त्यो अव्यय पदलाई प्राप्त गर्दछन् ।

श्लोक १४ को अर्थ :—

जो व्यक्ति शास्त्रविधिलाई परित्याग गरीकन आफ्नो इच्छा अनुसार रहन्छ त्यसलाई सिद्धिलाभ हुँदैन, त्यसले सुख पाउँदैन र परमगति पनि लाभ गर्न सक्दैन ।

श्लोकको टीका —

जो मानिस कर्तव्य र अकर्तव्य बुझ्ने बाटोस्वरूप विधि र निषेधरूप शास्त्रलाई परित्याग गरेर आफ्नू इच्छाअनुसार [स्वाभाविक प्रवृत्ति अनुसार] चल्छ त्यो पुरुषार्थ प्राप्तिको योग्यता लाभ गर्न सक्दैन । त्यो यो लोकमा सुखी हुँदैन किम्वा स्वर्ग र मोक्ष केही पनि पाउँन सक्दन ।

श्लोक १५ को अर्थ :—

विनाशशील सबै भूतमा अविनाशी र एकनासले विद्यमान रहेको परमेश्वरलाई जो देख्तछन्, तिनै वास्त-

रूमा तत्त्व–दर्शन गर्दछन् ।

श्लोकको टीका—

सारा कार्यजात (संसार) हो आफ्नो क्षेत्रज्ञस्वरूपको अज्ञानप्रयुक्त यो भनीकन यो संसारको निवर्तक तत्त्वज्ञान बताइन्छ। मिथ्याज्ञान र त्यस्को संस्कार निवृत्त भएपछि जन्मको अभाव हुन्छ, यो पहिले बताइसकिया। अविद्या-को निवर्तक जुन सम्यक् ज्ञान हो, त्यो पहिले बताईसके-तापनि अत्यन्त सूक्ष्म भएको हुनाले फेरि फेरि त्यस्को कथनहो—अधिकारीहरूलाई अनुग्रह गर्नाको लागि। देह, इन्द्रिय, मन, बुद्धि, अव्यक्त र जीवदेखि पर जो ईश्वर छन् ती सबै भूतमा अवस्थित छन्, त्यसलाई जसले जान्दछन्, तीनै हुन् यथार्थ ज्ञानवान। अर्थात् ती भूतहरू विनाशील भए तापनि त्यो सर्वभूत आत्मा परमेश्वर हो अविनाशी। भूतहरू र परमेश्वर हो अत्यन्त विलक्षण, यो नै देखाईएको हो। जो मानिस यस प्रकार निर्विशेष र–एक परमेश्वरलाइ देख्दछ, त्यो नै वास्तवमा देख्दछ। अरू द्रष्टाहरू विपरित रूपले नाना आत्मा देख्दछन्।

श्लोक १६ को अर्थः–

हे शत्रुतापन अर्जुन ? अनन्य भक्तिको प्रसादले मेरो यो रूप पैले सामान्यरूपले बुझिन्छ र पछि आफ्नो प्रत्यक्ष गोचर हुनसक्छ तथा अन्त्यमा यसभित्र तत्त्वतः (स्वरूपतः) प्रविष्ट हुनु सभव छ।

श्लोकको टीका—

कसरी मलाई देख्न पाईन्छ ? त्यो नै भन्दछु–भक्तिको प्रसादले मात्र । कस्तो भक्ति ? अनन्य भक्ति भगवान् वासुदेवलाई छोड़ेर अरूकुनैं वस्तुको शरण नलिनु, कुनै पदार्थको आश्रय नलिनु (अर्थात् यो लोकको किम्बा परलोकको सुखको साधनमा श्रद्धा नगर्नु) भगवान्देखि पृथक् कुनै विषयमा इन्द्रिय किम्बा मनलाई प्रवृत्त हुन नदिनु भगवान्को आराधना किम्बा भगवद्भक्ति हो अनन्य शरणता । ईश्वरमा यस्तो परम अनुरक्ति भए सारा वस्तुमा नै सर्वदा भगवद् सत्ताको नैं उपलब्धि भैहाल्छ । द्वैतहो अनर्थकारी, त्यसकारण द्वैत बुद्धि उठ्न दिन भएन यो विश्वरूपले मलाई जान्नु (१) शास्त्र जनित परोक्ष भावले मात्र होइन, तर–अनन्य भक्तिको प्रसादले (२) म स्वानुभूतिको विषय पनि हुन्छु र त्यस्को परिणामले (३) ममा प्रवेश गर्न पनि शक्य हुन्छ (मोक्षलाभ गर्न सक्दछन्) ।

शास्त्रको अभिज्ञ पुरूष आस्तिक र नास्तिक यो दुवं हुन सक्छ, जो ईश्वर, परलोक र वेद मान्दैनन् तिनीहरूलाई "नास्तिक" भन्दछन् । आस्तिक भैकन पनि कोही मानिस शास्त्रको अनभिज्ञ हुन सक्छ । यस प्रकार मानिस आस्तिक भएको हुनाले स्वभावको वशले देवपूजा आदिमा प्रवृत्त हुन्छन् कसरी ? तिनीहरू

शास्त्र नजाने तापनि बृद्धजनको आचरण देखेर देवपूजा आदिमा प्रवृत्त हुन्छन् । यसको कारण के हो ? यसको कारण यो हो कि तिनीहरूको आस्तिक्य दुद्धि–अर्थात् पूर्वजन्मको संस्कारको वशले तिनीहरु वेदशास्त्र, ईश्वर र परलोकमा विश्वास गर्छन् अर्थात तिनीहरूलाई मान्दछन् । यो आस्तिक्य बुद्धिलाई (संस्कारलाई) ''श्रद्धा'' भनेको छ । शास्त्रोक्त विधि जानीकन पनि आसुर प्रकृतिको मनुष्य (अर्थात् नास्तिक मनुष्य) त्यसको अवहेलन् गर्छ र शास्त्र नजाने तापनि आस्तिक पुरुष श्रद्धाको वलले देवपूजा आदिमा प्रबृत्त हुन्छ । जो आस्तिक पुरुष (शास्त्र नजानेको हुनाले) शास्त्र-विधिलाई परित्याग गरेर--श्रद्धायुक्त भएर, केवल वृद्ध व्यवहार देखिकन नै--देवादिको पूजन गर्छ त्यो क्रमले त्यस्को तामसिक र राजसिक श्रद्धा परीत्याग गरेर सात्विक श्रद्धा आलम्बन गरेपछि तत्त्वज्ञानमा अधिकारी भईहाल्छ ।

श्लोक १७ को अर्थ—

हे भारत! सबैको श्रद्धा आफ्नो आफ्नो अन्तःकरणको अनुरूप हुन्छ । यो पुरुष हो श्रद्धामय, जो जस्तो श्रद्धायुक्त हुन्छ, त्यो त्यसैको अनुरूप भैहाल्छ ।

श्लोकको टीकाः—

प्राचीन कर्मबाट उद्भूत भएका तीन प्रकारका

वासना (स्वभाव) हुन् तीन प्रकारका श्रद्धाको कारण ऐले त्यो वासनाको उपादान देखाइन्छ — सारा प्राणीको श्रद्धा हो विशिष्ट संस्कारयुक्त तिनिहरूको अन्त:करणको अनुरूप । जसको अन्त:करणमा जस्तो संस्कार प्रबल हुन्छ, त्यो संस्कारको अनुरूप नै त्यसको श्रद्धा भइहाल्छ । यी संसारी मनुष्य हुन् श्रद्धामय— अर्थात् जस्को जस्तो श्रद्धा हुन्छ, त्यो त्यै रूप हुन्छ ।

श्रद्धा बाहिरबाट आरोपित वस्तु हैन । त्यो आफ्नु स्वभाव जनित अन्त:करणको विशिष्ट संस्कारबाट उत्पन्न हुन्छ । यसकारण मनुष्य रगत मासुबाट निर्मित नभएर श्रद्धाद्वारा निर्मित हुन्छ । मनुष्य भनेर त्यस्को श्रद्धालाई बुझिन्छ र त्यसको श्रद्धा भनेर त्यसै मानिसलाई बुझिन्छ । जो जसलाई सत्य भनीकन जान्दछ, त्यो हो त्यसको आफ्नु श्रद्धाद्वारा निर्धारित भएको वस्तु । कसैको अन्त:करणको विशिष्ट संस्कार यदि सात्त्विक हुन्छ भने त्यसको श्रद्धा त्यसलाई स्वत: ज्ञानको र सुखको प्राप्तिको बाटोमा नियोजित गरिदिन्छ । यदि त्यो संस्कार राजसिक छ भने त्यसलाई दु:खपूर्ण कर्मको बाटोमा लगाई दिन्छ र त्यो संस्कार तामसिक भएपछि त्यसलाई अज्ञान र भ्रमको बाटोमा परिचालित गर्छ ।

जनचाहिं बाहिरी आँखाबाट मानिस देख्दछ, त्य-

समानै त्यसको बिश्वास हुन्छ (अर्थात् त्यो नै साँचो हुन योग्य हुन्छ) — यो कुरा ठीक होइन। किन्तु मनुष्य आफ्नु स्वभाव जनित संस्कार द्वारा अर्थात् श्रद्धारूप अन्तर्दृष्टिको बलले जो कुछ देख्द छ, त्यसलाई नै साँचो भनीकन बिश्वास गर्छ— त्यसको लागि त्यो नै साँचो भनीकन निश्चित भैहाल्छ। निश्चय हो साक्षीभास्य उद्भूत संस्कार। सारा दृश्य पदार्थ वासनारूपले अन्तःकरणमा बसिरहन्छ (शरीरको बाहिरी कुनै पदार्थ वास्तवमा छैन) र देश काल निमित्तबाट त्यो वासना उद्भूत भएपछि अन्तःकरणको वृत्तिरूपले परिणत हुन्छ। आस्तिक पुरुषको — ईश्वर र परलोकमा विश्वास हो — उद्भूत (दृढ़) संस्कार, शरीर नष्ट भए तापनि त्यो संस्कार नष्ट हुँदैन। योगवासिष्ठ ग्रन्थमा यसैलाई "आतिवाहिक शरीर" भनेको छ।

यस प्रकार अन्तर दृष्टिको बलले मुमुक्षु जगत्को अधिष्ठानरूप परमात्म सत्तामा विश्वास गर्छ र जगत्लाई मिथ्या र आफूलाई सारा दृश्यरहित शुद्ध चैतन्य भनी जान्दछ। यो श्रद्धाको प्रेरणाले त्यो मुमुक्षु ज्ञानाभ्यासद्वारा परिपूर्ण परमात्माको साक्षात्कार लाभ गर्छ। त्यसो भए मात्र सारा वासना (संस्कार या आतिवाहिक शरीर) नष्ट भैहाल्छ।

श्लोक १८ को अर्थ—

तत्पर, जितेन्द्रिय र श्रद्धासम्पन्न योगीले ज्ञानलाभ गर्छन् । ज्ञानलाभ भएपछि तुरुन्त नै परमशान्ति (मोक्ष) लाभ गर्दछन् ।

श्लोकको टीका–

जुन उपायबाट निश्चितरूपले नै ज्ञानलाभ गरिन्छ, त्यही उपायको उपदेश दिइन्छ । श्रद्धालुले ज्ञानलाभ गर्छ । श्रद्धालु भएर साधनको अनुष्ठानमा एकाग्र (तत्पर) हुनुपर्दछ । – ज्ञानलाभको उपायमा विश्वास युक्त भएर गुरुको उपासना इत्यादि उपायलाई निरन्तर गर्नुपर्छ । तत्पर भएर पनि इन्द्रियहरूलाई विषयहरूबाट फर्काउनु पर्छ । त्यसोभए पछि नै ज्ञानलाभ संभव हुन्छ । प्रमाण प्रभृति उपाय हो बाह्य र त्यसबाट हरेक समयमा फल पनि हुँदैन । तर श्रद्धाप्रभृत्ति आन्तर उपायले अवश्यनै फल पाइन्छ । त्यसो भए श्रद्धा, तत्परता र इन्द्रियसंयम यी तीन बाटो ज्ञानलाभको निश्चित उपाय हुन् । ज्ञानलाभ भएपछि के हुन्छ? त्यही बताइन्छ सम्यग दर्शनको लाभको दोस्रो क्षणमा (तुरुन्तै) आत्यन्तिक संसार–निवृत्तिरूप परम शान्ति प्राप्त हुन्छ ।

श्लोक १९ को अर्थ–

प्रीतिपूर्वक भजन परायण तिनै सततयुक्त भक्तहरू

लाई म त्यै बुद्धियोग उत्पादन गरिदिन्छु, जुन बुद्धियोगको प्रसादले तिनीहरू सबैको आत्मभूत (परमेश्वर) मलाई आत्मभावले प्राप्त गर्छन (साक्षात्कार गरिहाल्छन्) ।

श्लोकको टीका–

पैले मच्चित्त हुनु प्रभृति जो धर्महरू उपदिष्ट भएकाहुन्– ती सारा धर्मानुष्ठानपरायण भएर जो मलाई भजन गर्छन् , तिनीहरू नै परमेश्वर विषयक यथार्थ ज्ञान मबाट लाभ गर्छन, तिनीहरू हुन कस्ता प्रकारका ? बाह्य विषयमा जसको सारा कामना निवृत्त भएको छ र जो प्रीतिपूर्वक मलाई भजन गर्छन् (मेरो तत्त्व जान्दछन् ।), (जीवन उपाय सिद्धि आदि कुनै चाहनाको निमित्तले हैन) भगवद्विषयक सम्यग्दर्शन हो बुद्धि, त्यसको साथ योग हो– बुद्धियोग– अर्थात् सम्यक दर्शन (आत्म स्वरूपको यथार्थज्ञान) तिनीहरू लाभ गरिहाल्छन् । ध्यान जनित प्रकृष्ट उत्कर्ष प्राप्त अन्तःकरण वृत्तिमा निर्गुण भगवत्स्वरूपको अनुभव तिनीहरूलाई भैहाल्छ । मुमुक्षु भक्तहरू आत्मतत्त्वको साक्षात्कार प्राप्त गर्छन् ।

श्लोक २० को अर्थ–

तिनीहरूमाथि दया – परबश भएर तिनीहरूको अन्तःकरणमा स्थित भएर म तिमीहरूको अन्तःकरण

मा आत्मसत्ताको प्रकाश उत्पन्न गरेर तत्त्वज्ञानरूप उज्यालो दीपबाट यिनीहरूको अज्ञान अन्धकार नष्ट गरिदिन्छु ।

श्लोकको टीका–

त्यो बुद्धि–योगले तपाईलाई पाउन नदिने कस्तो प्रतिबन्धल ई नाश गर्छ ? तपाईका भक्तहरू मध्ये कसलाई केको निमित्त तपाई बुद्धियोग दिनुहुन्छ ? यस्तो जिज्ञास को समाधानको लागि भगवान् भन्नुहुन्छ कि- कसरी तिनीहरूको मोक्षलाभ होला, यो भावनाले– तिनीहरू माथि अनुग्रह गर्नलाई – म अविवेक (अज्ञान) बाट उत्पन्न भएको मिथ्याज्ञानलाई अविवेक र मिथ्याज्ञान लाई एकैसाथ तम शब्दले भनिएको छ) अन्त:करणको आधारमा स्थित भएर (अन्त:करणको अत्यन्त अखण्डाकार वृत्तिमा स्पष्टरूपले भासित भएर) विनष्ट गरिदिन्छु ।

अज्ञान र मिथ्याज्ञान यी दुइटालाई नाश गर्न जड बुद्धिले सक्तैन त्यसकारण चिदात्मस्वरूप म त्यसलाई नाश गरिदिन्छु । जस्तो जड बुद्धिवृत्ति अज्ञान आदिलाई नाश गर्न सक्दैन, त्यस्तै चैतन्य पनि उस्को (अज्ञान) नाशक हुँदैन । यसैले महावाक्यबाट उत्पन्न भएको बुद्धिको जो अन्तिम साक्षात्कारवृत्ति हो, उसमा प्रकट भएर चैतन्यस्वरूप परमात्मा सहाय सामर्थ्यको बलले– अज्ञान

आदिलाई ध्वंस गर्नुहुन्छ । बुद्धिको साक्षात्कार वृत्तिमा प्रतिफलित भएको चैतन्य जस्तो जस्तो अज्ञान आदिको निवर्तक हुन्छ, त्यस्तै द्वार प्रदीप्त भएको बुद्धिको साक्षात्कार वृत्ति पनि अज्ञान आदिको साधक हुन्छ । यो कुरा "ज्ञानदीप" द्वारा पक्षान्तर रूपले भनिएको हो ।

त्यो ज्ञानदीप कस्तो हो ? देहदेखि शुरू गरेर अव्यक्तसम्मका जो अनात्मवर्ग छन्, तिनीहरूदेखि भिन्न र तिनीहरूको प्रकाशक हो– त्यो ज्ञानदीप । निरन्तर भगवद् भक्तिजनित जो भगवान्को अनुग्रह (चित्तको प्रसन्नता अर्थात् प्रीतिपूर्वक भगवान्मा चित्तको निश्चल स्थिति ।) हो, त्यस्तो तेलबाट यो विवेक बोधरूप ज्ञान प्रदीप अभिषिक्त (भिजिएको) हुन्छ । केवल ईश्वरमा भावनाको अभिनिवेश (आग्रह अर्थात् यत्नातिशय) रूप –वायुद्वारा यो (ज्ञानदीप)पैले प्रज्वलित हुन्छ। अष्टाङ्ग ब्रह्मचर्य र शमादि साधनबाट उत्पन्न भएको संस्कार–सित मिलेको विवेक बुद्धि नै हो, त्यो प्रदीपको वत्ती । सारा अनात्मविषयबाट विमुख भएको– साथै रागादि द्वारा अकलुषित अन्तःकरण नै हो त्यो दीपको आधार, (बतास नभएको ठाउँमा जस्तो दीप(वत्ती ज्वाला) अचल भएर स्थिर रहन्छ, त्यस्तै विषय चिन्तारहित र अचल अन्तःकरणरूप जो आवृत्त गृह, त्यसैमा त्यो दीप निष्कम्प रूपले बलिरहन्छ । (अर्थात् विवेकज्ञान स्थिर

रहन्छ) सर्वदा भैंरहेको चित्तको एकाग्रता र ध्यान त्यसबाट उत्पन्न भएको जो सम्यकदर्शनरूप फल त्यै नै हो प्रभा, त्यसबाट त्यै ज्ञानदीप उद्‌भासित हुन्छ (अर्थात् आत्मस्वरूपको यथार्थ ज्ञानमा यो पर्यवसित छ)। यो सम्यकज्ञानद्वारा अज्ञान र उसको कार्यनिवृत्त भएपछि भगवद्भाव स्वयं प्रकाशित भैंहाल्छ (त्यसोभएत्यो अनित्य होइन)।

श्लोक २१ को अर्थ–

तर जसको त्यही अज्ञान आत्मतत्वको ज्ञानबाट नष्ट भएको छ, तिनको ज्ञानले सूर्यले झैं – त्यही परिपूर्ण परमार्थतत्वलाई प्रकाशित गरिहाल्छ ।

श्लोकको टीका—

मोहप्राप्त जीवहरूको संसार – निबृत्ति कसरी होला ? त्यसको जवाफ यो हो कि आत्मतत्त्वको ज्ञानबाट जसको अज्ञान नष्ट भएको छ – सूर्यले जस्तो सारा पदार्थलाई प्रकाश गर्छन, त्यस्तै तिनीहरूको ज्ञानले परिपूर्ण परमार्थतत्त्व ब्रह्मलाई प्रकाश गरिहाल्छ ।

स्वरूपमा स्थिति भएपछि सारा जगत् ब्रह्म स्वरूप भइहाल्छ । —जगत्को कुनैप्रकारको कल्पना बाँकी रहँदैन । जगत् उत्पन्न नहुँदा अद्वैत सत्तानै थियो । जगत्को अन्त्यमा पनि अद्वैत सत्ता नै बाँकी रहन्छ । त्यसो भए बीचमा जे देखिइरहेछ त्यो पनि अद्वैत- सत्ता नै हो

–अरू कुनै पदार्थ होइन— भन्ने कुरा ज्ञानी जान्नुहुन्छ। जगत्को कुनै कारण छैन।– अधिष्ठान सत्ताको अज्ञानले जगत् भासेको हो। अधिष्ठानलाई जान्नु विद्या (ज्ञान) हो। पहिले सृष्टि हो अकारण। – त्यसपछि सृष्टि–कालमा कार्यकारणभाव देखिन्छ। तर वास्तवमा दोश्रोवस्तु केही पनि छैन। सारा पदार्थ भ्रम मात्र हो। जसलाई आफ्नो वास्तवस्वरूपको याद रहिरहन्छ तिनका लागि सृष्टि अकारण रूपले भासित हुन्छ अर्थात् उनी सृष्टि प्रातिभासिक हो भन्ने जान्दछन्। तर जो अज्ञानी हो त्यो आफ्नो वास्तविक स्वरूपलाई बिर्सन्छ। त्यसले कार्यकारणरूप सृष्टि – स्वप्नकालमा देख्दछ। स्वप्नसृष्टि झैं सत्यरूपले भासमान हुन्छ।

श्लोक २२ को अर्थ—

शरीर आदि स्थूल र बाह्य वस्तु भन्दा सूक्ष्म र भित्री इन्द्रियहरू श्रेष्ठ हुन्। इन्द्रिय हरू भन्दा मन श्रेष्ठ हो। मन भन्दा बुद्धि श्रेष्ठ हो। बुद्धिभन्दा पनि जुन वस्तु हो आन्तर र सूक्ष्मतम उनीलाई नै परमात्मा भन्दछ।

श्लोकको टीका—

जुन वस्तुलाई आश्रय गरेर काम त्याग्नुपर्छ, अहिले त्यही वस्तु नै बताइन्छ।

स्थूल वाह्य र परिच्छिन्न शरीर भन्दा भित्री, सूक्ष्म र व्यापक भएको हुनाले इन्द्रियहरू श्रेष्ठ हुन्।

"इन्द्रियहरू" भन्दा संकल्प विकल्परूप मन उत्तम हो। मन भन्दा निश्चयरूप बुद्धि श्रेष्ठ हो। बुद्धिपर्यन्त सारा दृश्यदेखि पनि जुन वस्तु आभ्यन्तर हो – जसलाई इन्द्रिय आदि आश्रययुक्त भएर कामले विवेक ज्ञानलाई आवृत्त गरेर मोह पारिदिन्छ त्यो हो बुद्धिको प्रकाशक र बुद्धिभन्दा प्रकृष्ट (उत्तम) र पृथक परमात्मा। किनकि चैतन्य आत्मरूप अधिष्ठानविना बुद्धिको व्यापार संभव हुँदैन। उसैले बुद्धिको प्रेरक आत्मा हो।

श्लोक २३ को अर्थ —

हे महावाहु अर्जुन ! यसरी बुद्धिदेखि भिन्न (बुद्धिको अतीत आत्मस्वरूपको बोधपूर्वक शोधित, (वृत्तिरहित या अखण्डाकार) मनलाई आत्मपदमा समाहित गरेर कामरूप दुर्जय शत्रुलाई विनाश गर।

श्लोकको टीका:—

बाहिरी इन्द्रियलाई जितेर मात्रै जरैदेखि काम (इच्छा) लाई उखेल्न सकिंदैन, किन्तु मन र बुद्धिलाई पनि जित्नुपर्छ। त्यसकारण योग बताइन्छ – इन्द्रियहरू हुन् मनका विकार। यसकारण बाह्य विषयबाट इन्द्रियहरू लाई प्रत्यावात गरेर अर्थात् फर्काएर मनमा प्रविपालन गर्नू। मनको कारण भएको बुद्धिमा मन विलाइ दिनू। त्यसपछि व्यष्टि र समष्टिरूप भास्यवर्गलाई उनीहरूको भांसक आत्मस्वरूपमा विलय

गरेर रहनू । आत्मतत्त्वको ज्ञानद्वारा जहाँसम्म कामको मूल कारण अज्ञानको नाश हुँदैन, त्यहाँसम्म कामको निर्मूल नाश संभव छैन । त्यसकारण बुद्धिको प्रकाशक र बुद्धिको अतीत आत्मस्वरूपको साक्षात्कारद्वारा काम नष्ट हुन्छ । कामको नाश भए संसाररूप अनर्थको पनि नाश भइहाल्छ । यो श्लोकको दुरासद शब्दको अर्थ हो, जसको नाश आत्मज्ञान विना संभव छैन ।

अन्त:करण र दृश्य जगत् रहुन्जेल साक्षी चैतन्यको दृश्यसंग सम्बन्ध भइरहन्छ । त्यसको परिणामले गर्दा प्रमाता चेतन अर्थात् जीवलाई शब्द आदि बिषयको इच्छा अवश्यनै भइरहन्छ । अनि इन्द्रियको प्रवृत्ति रोक्न सकिदैन ।

इन्द्रियको नायक मन हो । त्यसैले मनको अभाव अर्थात् मनोनाश अथवा वैराग्य, अभ्यासबाट मनलाई वश नपारी इन्द्रियलाई जित्न संभव छैन अर्थात सकिन्न । यो मनोनाश संवित–स्फुरणको अभाव नभए सम्म संभव छैन । जहाँ सम्म द्रष्टाभाव रहिरहन्छ त्यहाँ सम्म दृश्य पनि रहिरहन्छ । त्यसैले यो द्रष्टालाई उसको उत्पत्ति स्थानमा लय गरिदिनु अर्थात द्रष्टाभाव या साक्षीभावलाई उठ्न नदिनु । आफ्नो सनातन स्वरूपमा अहंकार (साक्षीभाव)वास्तवमा छैन । ब्रह्ममा म भन्ने

वस्तु केही छैन किन भने शुद्ध आफ्नो स्वरूपमा केहीं चलन भएपछि मात्र म भाव (अहंकार) देखिन्छ। यो 'म' या साक्षीचैतन्य वास्तवमा अद्वैत दृश्य रहित चिन्मात्र ब्रह्म हो। यसरी जानेपछि चित्त निश्चल भइहाल्छ र इन्द्रियलाई जित्न संभव हुन्छ। परमार्थ बस्तुलाई नजानुञ्जेल अर्थात् चित्त अखण्ड नभएसम्म — बिषय र मनको अभाव संभव छैन। मनलाई स्थित गराएपछि अर्थात् मनको उत्पन्न भएको ठाउँमा अर्थात् मनको कारणमा मनको लय गरेपछि नै इन्द्रियहरू वशमा पर्छन्। चिन्मात्रमा स्फुरण भएर अहंकार, बुद्धि, चित्त र मन उत्पन्न हुन्छ। त्यहाँबाट तनमात्रा उत्पन्न हुन्छ, तन्मात्राबाट इन्द्रिय र शरीर उत्पन्न हुन्छन्। त्यसबाट दृश्य अर्थात् विषय देखिन्छ।

जगतमा देखिने पदार्थ जति असत्य हुन। तिनको निम्ति तृष्णा गर्नु मूर्खता हो। प्रत्यक्ष देखिएका यी पदार्थलाई त्याग गरेर वृत्ति जब आत्माको अभिमुख हुन्छ, तब मैले इन्द्रपद पाएको छु भनेर जान्नू। जतातिर मन जान्छ त्यो विषयबाट मनलाई फर्काइ हाल्नू। यसरी दृश्य जगत्को तर्फ़बाट फर्केपछि मनको वृत्ति साक्षीतिर लागिहाल्छ अर्थात् आफ़ूलाई निर्विकार चैतन्यरूपले अनुभव हुँदै गर्छ। मनलाई स्थित गरेपछि अर्थात् विषयाकार हुन नदिएर मनलाई जागा राखेपछि

सजिलैसित आत्माको अनुभव भइहाल्छ ।

जसले काम (इच्छा) लाई जित्ने इच्छागर्छ उसले विषयमा रमाइलो बुद्धि र सुखत्व बुद्धि त्यागीदिनू अर्थात् विषयहरु सुखदायी र रमाईला हुन् भन्ने निश्चयलाई विल्कुल त्याग्नू । संकल्प मनमा उठ्न नदिनाको लागि (१) विषयलाई यथार्थ रूपले हेर्नु र (२) विषयबाट अनर्थ हुन्छ भन्ने वारंबार विचार गर्नु अत्यन्त आवश्यक छ । त्यसो भए संकल्प पनि चित्तमा उठ्तैन र कामना पनि चित्तमा उत्पन्न हुँदैन । अर्थात् मनलाई वृत्तिशून्य तुल्याएर आत्मस्वरूपमा स्थित गरेपछि आवरणरहित भएर आत्मस्वरुप ै स्वयं एकैचोटि प्रकाशित भइहाल्छ र संसारको आत्यन्तिक अभाव पनि सहजै सिद्ध हुन्छ ।

संधैं जुन बस्तुको अभ्यास हुँदं गर्छ र उसको निमित्त यत्न पनि गरिन्छ भने त्यो प्राप्त भइहाल्छ । आत्मपद पनि दृढ अभ्यास भए प्राप्त भइहाल्छ । मन दुवैतिर बग्छ (१) जगत्‌तिर, (२) आफ्नो स्वरूपतिर। जति सुन्दर पदार्थ देखिन्छ, त्यो सारा झूटो हो , किनकि त्यो उनीहरुको मनको स्फुरण (वृत्ति) मात्र हो । मन अलिकति पनि फुरे अर्थात् वृत्ति–युक्त भएपछि यो जगत् उत्पन्न भएर आउँछ । स्फुरणरहित अर्थात् वृत्ति शून्य भए जगत्‌को भावना नष्ट हुन्छ। मन चले-

पछि आत्मामा जगत् देखिन्छ । जगत् कुनै कारणबाट उत्पन्न भएको छैन । जस्तो स्वप्नको सृष्टि कार्यकारण-सहित देखिन्छ तापनि त्यो कुनै कारणबाट उत्पन्न भएको छैन, किनकि अकारणरूप हो त्यस्तै यो सृष्टि (जगत्) कुनै कारणबाट उत्पन्न भएको छैन, किन्तु अकारणरूप हो । जगत् केही वस्तु होइन, तर जहाँसम्म संकल्प नै उठिरहन्छ । तब सम्म जगत स्फुरित हुन्छ जगत पदार्थको निमित्त यत्न गर्नु ठूलो आपत्को कारण हो । सरा पदार्थ आपात रमणीय हो, तर भित्र निःसार हो । धन स्थिर छैन देखिइराखेको सारा पदार्थलाई त्यागेर आफ्नो स्वरूप पट्टि दृष्टि गर । सारा विश्व आत्मरूप हो भन्ने बुझेर आफ्नो शुद्ध चैतन्य सुखस्वरूपमा स्थित हुनू । आफ्नो स्वभाव–सत्ताको जब अनुभव साक्षात्कार हुन्छ, तब सारा द्वैतकलना शान्त भएर जान्छ र आत्मतत्त्वनै बाँकी रहन्छ ।

सारा जगत् चैतन्य रूप आफुमा भासेको छ । त्यसैले सारा जगत् चैतन्यदेखि भिन्न होइन । तिमी म र जगत् शुद्ध चैतन्य नै हो । जब जगत् ब्रह्मरूप नै हो, तब वासना कसको गर्नु ? दुःखको कारणहो वासना । सारा पदार्थको वासना नहटे सम्म स्वरूपको साक्षात्कार हुँदैन ।

एउटा देश छोडेपछि अर्को देशमा पुग्नु भन्दा

पहिले बिचमा थाह भएको जुन संविन (ज्ञान) हो— त्यो नै तिम्रो स्वरूप हो। त्यो सारा अनामय (रोग-रहित) र दुःखले रहित आनन्द स्वरूप हो। त्यसैलाई 'म' भनेर जान्नू। निश्चल अर्थात् बृत्तिरहित भएपछि यो 'म' नै अचेत्य चिन्मात्र ब्रह्मस्वरूपमा पर्यवसित हुन्छ।

जो द्वैत देखिन्छ त्यो अज्ञान हो। जब सम्म वासना नष्ट हुंदैन तबसम्म दुःख छुट्दैन। वासनाको नाश भए जगत् आफ्नो स्वरूप हुन्छ र कुनै पदार्थमा राग वा द्वेष उत्पन्न हुँदैन। जब सम्म 'यो शुभ हो' अथवा 'यो अशुभ हो' भन्ने कुरा मनमा भइरहन्छ तब सम्म बन्धन हुन्छ। त्यो कुरा बिर्सेर संपूर्ण जगत् भ्रम मात्र हो भन्ने जानीकन आत्मपदमा चित्त स्थित भयोभने मुक्ति हुन्छ। वासना नष्टभए सारा पदार्थ ब्रह्मरूप नै भास्तछ, दुःखदायक केही पनि भासदैन। आफ्नो वासनाको वसले निज चिन्मात्र स्वरूपबाट उठेपछि अर्थात् अहंकार या क्षेत्रज्ञभाव फुरेपछि – प्रमाता र प्रमेय (जगत्) रूप दृश्य खडा हुन्छ। प्रमाता र प्रमेयभाव वासनाको रूपले क्षेत्रज्ञ द्रष्टामा लुकेर बस्तछ। द्रष्टा हो अन्तबाहक शरीर। द्रष्टादेखि दृश्य अभिन्न हो दृश्य हो द्रष्टाको अङ्ग। द्रष्टा आफ्नो द्रष्टाभाव भुलेर प्रमाता भइहाल्छ र प्रमेय जगत् आफ्नो स्वरूपबाट भिन्न भनेर बाहिर देख्तछ।

यो उभय जड र चेतनरूप (प्रमाता र प्रमेयरूप) दृश्य त्याग गरेपछि द्रष्टाभाव (अहंकार या क्षेत्रज्ञभाव) रहँदैन र त्यसको परिणामले आफ्नो शुद्ध, दृश्यरहित चैतन्यस्वरूप बाँकी रहन्छ। जडलाई जब चैतन्य (प्रमाता) जान्न चाहन्छ, तब जड़विषय र चेतन प्रमाता दुइटै शुद्ध चैतन्यमा हराइहाल्छ र चिन्मात्र आफ्नो यथार्थ स्वरूप नै परिशिष्ट रहन्छ। यसरी युक्ति र क्षणिक अनुभवको सहायताले जड़को र चेतनको वासना (अर्थात् जगत् -वासना) शिथिल भइहाल्छ र चित्त अखण्ड़ाकार (वृत्ति शून्य) हुन्छ र निरावरण शुद्धचैतन्य आफ्नो स्वरूप स्वयं प्रकाशित हुन्छ।

श्लोक २४ को अर्थ–

हे अर्जुन ! प्रदीप्त आगोले काठहरूलाई जसरी डढाइदिन्छ, त्यसै गरी ज्ञानरूप आगोले पनि सारा कर्महरूलाइ डढ़ाइदिन्छ।

श्लोकको टीका—

ज्ञानले यसरी पाप नाश गर्छ भन्ने कुरा दृष्टान्तद्वारा यहाँ बताइन्छ। – ज्ञानरूप आगोले सारा कर्मलाई डढाउंछ जुन कर्मबाट यो शरीर बनेको छ त्यही कर्मको फल शुरू भइसकेको नै छ। त्यसो भए फलको उपभोग भएपछि नै त्यही प्रारब्ध कर्मको क्षय भइहाल्छ। ज्ञान उत्पत्ति हुनु भन्दा पहिले यो जन्ममा जुन कर्महरू गरि-

एका थिए फेरि पहिले पहिलेका जन्ममा जुन कर्महरूको फल आरम्भ भएको छैन (अर्थात् संचित कर्म) ती कर्महरूलाई ज्ञानरूप आगोले डढाइदिन्छ। ज्ञान भएपछि गरिएको आगामी या क्रियमाण कर्मसँग ज्ञानीको केही संस्पर्श या सम्बन्ध हुँदैन।

मानिसको प्रारब्ध आदि तीन प्रकारका कर्म अज्ञानी मानिसको दृष्टि लिएर बताएको हो। वास्तवमा ज्ञानीको दृष्टिमा कुनै प्रकारको कर्म नै छन। किनकि ज्ञानी निर्गुण ब्रह्म नै हुन्।

श्लोक २५ को अर्थ—

जसको सारा कार्यहरू नै काम र संकल्प देखि रहित छन्, फेरि ज्ञानरूपी अग्निले जसको कर्म डढिसकेको छ, त्यही पुरुषलाई पण्डित भन्छन्।

श्लोकको टीका—

पहिले देखाइएको प्रकारले जसले कर्ममा अकर्म देख्छ उसको सारा कर्म कामना र उसको कारण संकल्पबाट रहित हुन्छ – अर्थात् उसलाई कर्म भन्ने सारा चेष्टा स्वतः प्रयोजन शून्य हुन्छ र केवल चेष्टारूपमा नै गरिएको हुन्छ। त्यो मानिस यदि संसारको काममा प्रवृत्त हुन्छभने त्यो कामको फल – प्रारब्धवशले लोकसंग्रह गर्नु – सिवाय अरू केही पनि हुँदैन र उ यदि कर्मबाट निवृत्ति हुन्छ भने उसको चेष्टा जीवन निर्बाहका निम्ति

मात्र हुन्छ। मेरो केही कर्तव्य छैन भन्ने यस्तो भावना हो – आत्माको उत्कृष्ट कर्म।

कर्म आदिमा अकर्म आदि देख्नुको नाम हो ज्ञान– त्यस्तो ज्ञानरूप अग्निबाट जसका शुभ र अशुभ कर्महरू डढेर गएकाछन् अर्थात् जसका कर्महरूले दुःख या सुखरूप फल दिन सक्दैनन्, ती हुन् सच्चा पण्डित (ज्ञानी)।

श्लोक २६ को अर्थ—

जो सम्यग्दर्शी छन्, जसमा काम, क्रोध छैन, र जो संयत चित्त छन् तिनै यतिहरूलाई देहपतन भन्दा पहिले र पछि पनि ब्रह्मानन्द प्राप्त हुन्छ।

श्लोकको टीका—

जसले काम र क्रोधलाई परित्याग गर्नुभयो, उहाँहरूलाई ज्यूँदै र मरेपछि मोक्षलाभ हुन्छ। काम, क्रोधदेखि वियुक्त भएर जसले आफ्नो वास्तव स्वरूपको साक्षात्कार गर्नुहुन्छ उहाँहरू नै मोक्ष पाउनु हुन्छ।

काम क्रोध वियुक्त भन्ने शब्दबाट (१) कर्मयोग देखाएको छ। संयत चित्तबाट निष्काम कर्मयोगको फल (२) अन्तःकरणको शुद्धि देखाएको हो। यिनीहरूबाट अन्तःकरण शुद्धिको फल (३) संन्यास बताएको छ र सम्यग्दर्शीबाट संन्यासको फल (४) बताएको हो। जीउंदो अवस्थामा र मृत्युको पछि मोक्ष (अर्थात् दुबैतिर मोक्षलाभ) हुन्छ भनेर ज्ञाननिष्ठाको फल बताए

को हो—अर्थात् बाँचिरहँदा खेरि जीवनमुक्ति र देह-त्याग भएपछि विदेहमुक्तिरूप निर्वाण प्राप्त हुन्छ।

श्लोक २७ को अर्थ—

धैर्य—युक्त बुद्धिको सहाराले धीरे धीरे मनलाई विषयचिन्तनबाट निवृत्त गर्नु र मनलाई आत्मा मात्रमा स्थित गरेर अरू कुनै विषयको चिन्ता नगर्नू।

श्लोकको टीका—

विषय— चिन्तनबाट विस्तार विस्तार मनलाई निवृत्त गर्नू। (सहसा होइन, किनकि त्यसो गरे मनको स्वस्थता संभव हुँदैन।) कसरी ? यसको जवाफ यो हो कि धैर्यसम्पन्न बुद्धिको सहाराले— योगवाशिष्ठ उपशम प्रकरणमा भनिएको उद्दालक र वीतहव्य मुनिको विचार अवलम्बन गरेर। यसरी विषयबाट निवारित मनलाई आत्मामा सम्यक् प्रकारले स्थित गराएर —भूमिदेखि शुरू गरेर अव्याकृतसम्म आठौटा प्रकृतिलाई — पछि भनिएको (परा) प्रकृतिमाप्रविलापन पूर्वक —अव्यक्तलाई आत्मामा प्रविलापन गरेर मनलाई आत्मनिष्ठ मात्र गरेर —चिन्ता गर्न योग्य विषय कुनै पनि नभएकोले अत्यन्त सुस्थ भएर बस्नू। आत्मा नै हो सब, उदेखि भिन्न वस्तु केही छैन। —यस्तो भावना युक्त भएपछि मन आत्मामा नै स्थित भइहाल्छ। मनलाई यसरी आत्मामा स्थित गरेर (यो हो संप्रज्ञात

समाधि) –अरु कुनै वस्तुको चिन्तन नगर्नू । (यो हो असंप्रज्ञात समाधि ।) यसरी मनलाई निश्चय र निश्चिन्त राख्नू हो –योगको परम विधि ।

उद्दालकको विचार (उपशम प्रकरण ५२ सर्गमा) यसरी योगवाशिष्ठमा देखाइएको छ ।

'ए मूर्खबुद्धि दुःखदायी संसारका वृत्तिबाट तलाई के फाईदा छ ? जो बुद्धिमान् छन्, उनीहरू कैले पनि दुःखदायी काम गर्दैनन् । जो मानिस समरूप रसायनलाई छोडेर विषयको अनुसन्धान गर्छ, त्यो सुरम्य कल्पवृक्षको बगैंचा छोडी विषयको जङ्गलमा गएर नष्ट हुन्छ । पातालमानै जाउ अथवा ब्रह्मलोकमा नै पुग, तर भोगबाट उपशमरूप अमृतविना तिम्रो दुःखरूप आगो कहिले पनि निभ्दैन । तिमीले धेरै कालसम्म लाखौं भोगको आशा पूरा गर्न चेष्टा गरेको हो, तर त्यही सारा चेष्टा नै तिमीलाई दुःखदायी भएको छ । तिमी जति आशालाई बढ़ाउँछौ, त्यति नै तिम्रो दुःख पनि वढेर आउँछ । त्यसोभए अहिले देखि नै भोगको आशा त्याग गरेर परम कल्याणको प्राप्तिका लागि प्रयत्न गर । यो साग भाव र अभावमय विचित्र कल्पनाले तिमीलाई दुःख नै दिन्छ, यसबाट कहिले पनि तिमीलाई सुखको लेस पनि प्राप्त हुँदैन । जसबाट तिमी केही पाउछौ, त्यसमा तिमी किन अनुरक्त हुँदैनौ ?

यदि तिमी विषयको चिन्ता छाडेर निर्मल भएर प्रशान्तभाव धारणा गर्न सक्छौ भने अनन्त जयलाभ हुन्छ। यो जगत्को सृष्टि– उत्पत्ति र विनाशको दोषले दुषित हो र परिणाममा दुःखदायी हुन्छ। यो जानीकन पनि यदि विषयसमूहको चिन्ता त्याग्दैनौभने तिम्रो अवश्यै नाश हुन्छ।

हे चित्त ? म हूँ चैतन्य प्रकाश। त्यस्तो ममा अहं छैन, वासना छैन— त्यसकारण म निर्विकल्प हूँ। तिमी (चित्त) ले म (आत्मा) मा अहं आरोप गरेको हो।– त्यो हो मिथ्या। आफ्नो नाशको लागि नै तिमीले यो, त्यो, म, मेरो इत्यादि व्यर्थको दुर्दृष्टि अवलम्बन गरेकाछौं। मैले विचार गरेर देखि सकेको छु, यो शरीरमा अहं भन्ने केही छैन। सर्वदा एक अखण्ड चैतन्य प्रकाश नै व्याप्त भएर रहेका छ – म पनि त्यही प्रकाश स्वरूप हूँ। तिमी पनि त्यही रूप हौं चैतन्य बाहेक अरू केहो पनि छन। अहं भन्ने चोरलाई मैले चिनि सकेंको छु।म देख्छु, म सुन्दछु इत्यादिमा जुन अहंताको कल्पना हा त्यो मृगतृष्णा जस्तै मिथ्या हो। वासनाविना शरीरयात्रा निर्वाह हुँदैन भन्छौ भने त्यस्तो होइन भनेर म वताउछु। इन्द्रियहरू स्वभावैले आफ्नो आफ्नो विषयमा प्रवृत्त भइहाल्छन् – उसमा विषयाकार अन्तःकरण वृत्तिको उत्पत्तिको हेतु भूत वासनाको केही प्रयोजन हुँदैन।

त्यसोभए देहको स्थिति र क्रिया स्वतः निर्वाह हुँदै गर्छ। (कुनै विषयाकार अन्तःकरणवृत्तिको प्रयोजन छैन।)

राजर्षि वीतहव्यले तल देखाइएको क्रमले इन्द्रियको अनुशासन र चित्तसत्ताको विचार गर्नु भएको हो। (योग वाशिष्ठ – उपसम प्रकरण सर्ग ८२–८३) रोकतोक नगरीकन, स्वतः चलिराखेका इन्द्रियहरूले मनको अगाडी सँधै रूप आदि विषयहरू अर्पण गर्छ र मन पनि उन्मत्त झैं आकृष्ट भइरहन्छ। पाँच इन्द्रिय हुन् – मनका बाहिर निस्कने ढोका।

ए इन्द्रियहरू हो ? तिमीहरू बितेका दुःखहरूको यादगर। तिमीहरू हौ जड (पर – प्रकाश्य — साक्षि दृश्य) र जड मनको अंश हौ। जडले अर्थ कसरी गर्ला ? त्यो सत्ता रहित हो। ए अबोध इन्द्रियहरू हो,। तिमीहरूको चञ्चलता व्यर्थ हो। भगवान् चैतन्य स्वरूप आत्मा हो – अहंकारको साक्षी। साक्षी अहंकारले लिप्तहुनुहुन्न, जुन सब चैतन्य आत्माले तिमीहरू लाई प्रकाश गर्छ। आत्मा संग तिमीहरूको अलिकति पनि सम्बन्ध छैन। ए चित्त तेरो एकांशमा अहंको उदय हुन्छ, तर यो अह र त केही पनि होइनस्। चैतन्य नै वस्तु हो। त्यो बाहेक अरू केही छैन। ए मूर्ख मन, तँ कर्ता पनि होइनस् भोक्ता पनि होइनस्, केही पनि होइनस्। तँ होस् जड (चैतन्यबाट प्रकाशित) भो-

संग तेरो कुनै साक्षात् सम्बन्ध छैन ।

जस्तो समुद्रको पानी कण, फेन, बुद्बुद र तरङ्ग आदिको आकारमा देखिन्छ, त्यस्तै ब्रह्मशक्ति सुर, असुर, नर र जगत्को आंकारमा प्रकाश परिराखेको छ । बोधस्वरूप एकमात्र आत्मसत्ता नै स्फूर्तियुक्त भइराखेको हो। तँ के पाउन इच्छा गर्दछस् ?

ए अबोध चित्त ? तँसंग आत्माको कुनै सम्बन्ध हुन सक्दैन । यदि समाधिद्वारा बोधस्वरूप आत्मासंग तद्रूप भैहाल्छु भन्ने तेरो विचार छ भने म तँलाई भन्छु कि "तँ चाँडै नै त्यस्तै गर ।" — अर्थात् निरन्तर एकाग्रताको अवलम्बन पूर्वक आत्मदर्शनमा तत्पर हो, किन भने हे चित्त ? त पनि निर्मल चैतन्यमात्र होस् ।

विस्तार विस्तार मनलाई निरोध गर्ने क्रम श्रुतिमा पनि देखाएको छ— (१) वाग्वृत्तिको निरोध गरेर मनोवृत्तिमात्र शेष राख्नु (२) कर्मेन्द्रिय र ज्ञानेन्द्रियको सहकारी, धेरै प्रकारको विकल्पको साधनरूप मनलाई— म जान्दछु भन्ने ज्ञातारूप आफूमा (अर्थात् व्यष्टि अहंकारमा) लय गरिदिनू । अर्थात् मनको सारा व्यापार परित्याग गरेर अहंकार मात्र लाई-बाँकी राख्नू । (३) यो ज्ञाता अहंकारलाई सर्वव्यापक महत्त्वमा अर्थात् 'अस्मि' (छु) यस्तो सामान्य समष्टि अहकारमा—लय गरिदिनु । अन्त्यमा (४) समष्टिबुद्धिरूप यो महत्त्वलाई (महत्‌को का-

रण अव्यक्तलाई पनि) निरुपाधि, सर्वान्तर, चित्, एकरस शान्त आत्मामा विलय गरिदिनू। यसरी उपाधिरहित त्वंपदको लक्ष्य शुद्ध चैतन्यरूप आफूलाई आत्माको साक्षात्कार हुन्छ।

यो चित् एकरस अन्तरात्मामा अव्यक्त (प्रकृति) हो उपाधि। यो प्रकृति पहिलो सामान्य अहंकाररूप महतत्त्व भएर व्यक्त हुन्छ, त्यसपछि विशेष अहंकाररूपले, त्यसपछि मनरूपले, त्यसपछि वाक् आदि इन्द्रियरूपले व्यक्त भएर आउँछ। यसरीः—

(१) वाग्भूमि जय	वाक्को निरोध (जस्तो गाईआदि पशुमा देखिन्छ) प्रथम भूमि।
(२) मनोभूमि जय	(जस्तो बालक आदिमा देखिन्छ) निर्मनस्क भाव द्वितीय भूमि।
(३) अहंकारभूमि जय	अहंकार राहित्य (अल्पबुद्धि युक्त मान्छेमाजस्ता देखिन्छ)तृतीयभूमि
(४) महत्त्व–भूमि जय	महतत्त्व राहित्य (सुषुप्त पुरूषमा जस्तो देखिन्छ)चतुर्थ भूमि

यो भूमि चतुष्टयको क्रमिक जयको अपेक्षाले विस्तार विस्तार मनलाई निरोध गर्नू भनी बताएको हो। जुन अहंकारको सहायताले अन्तिम दृश्य (ध्येयाकार वृत्ति) ज्ञात हुन्छ र अन्त्यमा जुन अहंकार परित्यक्त पनि हुन्छ त्यही अहंकारलाई पनि परित्याग गरेपछि मात्र मन सूक्ष्म अर्थात् सारा वृत्तिले शून्य (निरूद्ध)

हुन्छ । त्यसैले चतुर्थ भूमिका हो तत्त्वदर्शीको लागि आत्मदर्शनको साधन र यो चतुर्थ भूमिका नै हो, ज्ञानी पुरुषको जोवन्मुक्तिको लागि (अर्थात् ज्ञानी पुरुषको तकलीफको नाशको लागि) अपेक्षित छ ।

यसरी शान्तात्मामा निरुद्ध भएको–चित्त-वृत्ति रहित भएको हुनाले–आत्मदर्शनको हेतु कसरी होला ? भन्ने शंका गर्नु ठीक छैन । किनकि स्वतः सिद्ध दर्शनलाई (अर्थात् स्वयंप्रकाश आत्माको या आत्मस्वरूपको भानको) निवारणगर्न कोही सक्तैन । त्यो आत्मा चैतन्यरूप भएको हुनाले उसको वृत्तिरूपत्वको प्रमोजन छैन । यसैले भनिएको हो कि चित्त स्वभावतः आत्माकारमा आकारित हुन्छ । त्यसो नभए अर्थात् आत्माकार नभए अनात्माकारमा आकारित हुन्छ । यी दुइटा आकारविना चित्त रहन सक्दैन । त्यसैले चित्त अनात्माकार हुंदैन भने केवल आत्माकारमा आकारित नै रहन्छ । अनात्मवृत्तिहरूको विशेष निवृत्तिको लागि निरोध–समाधिको आवश्यक छ । अनात्मवृत्तिको निरोध भएपछि अनावृत्त आत्माको प्रकाश स्वतः सिद्ध छ (वृत्तिको अपेक्षा गर्दैन)। आत्मा जुन बुद्धिदृश्यत्व, बुद्धिग्राह्यत्व आदि कल्पित व्यवहारको हेतु हो, त्यो हटाउन सारा वृत्तिको विशेष निरोध गर्नुपर्छ, किनकि वृत्तिरहित (दृश्यरहित) भएपछि आत्मा निरावरण भइहाल्छ र

स्वतः अपरोक्षरूपले प्रकाशित हुन्छ। वृत्तिव्याप्ति या बुद्धिमा प्रतिबिम्बितरूपले आत्माको स्वतः स्फुरण या बुद्धिको अखण्डाकार वृत्ति (अनुभवसिद्ध भए तापनि) भिन्न रूपले ज्ञात हुंदैन।

मनलाई सर्वाकार वृत्तिरहित गरेर आत्मा अथवा अनात्माको चिन्तन नगर्नु। अनात्माकार वृत्तिको उत्पत्ति भएपछि समाधिबाट व्युत्थान भइहाल्छ, समाधि रहँदैन। आत्माकार वृत्ति उत्पन्न भए–त्यो ध्येय मात्राकार वृत्ति आफूले अवश्य थाहा पाइरहेको हुनाले संप्रज्ञात समाधि मात्र हुन्छ। (असंप्रज्ञात समाधि हुन सक्तैन।) **त्यसैले असंप्रज्ञात समाधिलाई स्थिर राख्नको लागि** कुनै प्रकारको मनोवृत्तिलाई उत्पन्न हुन नदिनू।

असंप्रज्ञात समाधिमा मन ज्ञेयमात्र रूपले दृढ स्थित हुन्छ। यसैलाई दृढ ब्रह्माकार वृत्ति भन्छन्। यो वृत्ति ब्रह्मदेखि पृथक् भएर भास्दैन। —केवल अद्वितीय ब्रह्मनै अवभासित रहन्छ। यसैले **यो वृत्तिलाई तत्कालमा अज्ञात या साक्षिदृश्य भनेको छ।** व्युत्थान भएपछि त्यही समयमा ब्रह्माकार वृत्ति थियो भनी जुन स्मरण हुन्छ, त्यो द्वैतसंस्कारबाट उत्पन्न हुन्छ र **अद्वैत अनुभवमा आरोपित** हुन्छ। ठीक त्यस्तै सुषुप्तिकालीन ब्रह्मानुभवमा–जागरण भएपछि भोक्ता आदि भाव—मिथ्या संस्कारको बलले–कल्पित हुन्छ।

श्लोक २८ को अर्थ—

क्रियाशील अस्थिर मन जुन जुन विषयरूप निमित्तको वशले निस्कन्छ, त्यही त्यही विषयबाट मनलाई नियमित गरेर आत्मामा वशीभूत गर्नु।

श्लोकको टीका—

योगको शुरूमा मनलाई आत्मामा स्थित गर्न प्रवृत्त भएको योगीले यस्तो गर्नु पर्छ भन्ने कुरा यहाँ बताइन्छ।

जुन जुन शब्द आदि रूप निमित्तको वशले मन निस्किहाल्छ अर्थात् आत्मरूप ध्येय वस्तुलाई त्याग गरेर बाहिर आइहाल्छ। मन कस्तो प्रकारको हुन्छ? स्वभाव दोषको (मिथ्याज्ञानजनित राग आदिको) वशले मन अत्यन्त चंचल हुन्छ यसैले मन **अस्थिर** हुन्छ। शब्द आदि विषयको यथार्थ स्वरूप निरूपण गरेर–यी विषयहरू हुन्–नाशवान, दुःख मिश्रित र अनात्मरूप भन्ने बुझेर–उसमा वैराग्य–भावना गरी त्यही त्यही विषयबाट यो मनलाई नियमित गरेर (अर्थात् वृत्तिशून्य तुल्याएर आत्मामा नै वशीभूत गर्नु। (त्यसोभए मनको विक्षेप र लय हूँदैन।) यसरी विषयको 'विवेकबाट मनोनिग्रह आदिको आवृत्तिको परिणामले योगीको मन आत्मामा नै लीन भइहाल्छ।

शुद्धचैतन्यमा जुन आभास पर्छ, त्यसलाई संवेदन भनेको छ । संवेदनबाट आदि संकल्प फुर्छ–संकल्प नगर. जस्तो यो सृष्टि रचिएको छ–म, तिमी आदि—सबै संकल्पमा स्थित छ । जस्तो द्रवताले समुद्रमा तरंग फुरिहाल्छ त्यस्तै आत्मामा (आफ्नो शुद्ध स्वरूपमा) संवेदनले यो जगत् फुरेको छ । यही जगत् पनि संवेदन-रूप हो, संवेदन फुरेपछि इन्द्रिय, विषय र मन हुन्छ। संवेदन नष्टभए सारा कल्पना हराउँछ । संवेदनको स्वभाव हो दृश्यको भावना गर्नु । संवेदन फुरेर संकल्प-द्वारा संवेदनले जगत्को रचना गर्छ। यो जगत् आभास–आकारसहित देखिन्छ तापनि आतिवाहिक (निराकार) संकल्परूप नै हो । व्यवहारयुक्त देखिन्छ तापनि यो जगत् हो—व्यवहारशून्य । संवेदन हो–अन्तबाहकरूप । त्यही संवेदनले विश्वको रचना गरेको छ। त्यसो भए यो जगत् पनि हो अन्तबाहकरूप तर सकल्यको दृढ़ताले (अर्थात् यो जगत् हो—संकल्परचित्त) यो कुरा **बिर्सेर अज्ञानीले जगत्लाई आधिभौतिकरूप मान्दछ ।**

यसरी मिथ्याज्ञानबाट उत्पन्न भएको राग आदिको वशले जगत्को पदार्थमा रमणीयता बुद्धि उत्पन्न हुन्छ ।

श्लोक २९ को अर्थ—

इन्द्रिय, मन र बुद्धिलाई—रोकेर जो आत्म को मनन गर्छ–जसको देहस्थिति यस्ता हुन्छ, **जसको**

परमगति मोक्ष हो (अर्थात् जो मुमुक्षु हुन्छ), जसको इच्छा, भय र क्रोध नष्ट भएको छ, त्यही मानिस सधैं मुक्त हुन्छ भनेर जान्नू । (परमात्मा-संग आफ्नो अभेद साक्षात्कार गरेर पुरुष मुक्त हुन्छ ।)

श्लोकको टीका—

सम्यग्दर्शनको अन्तरंगसाधन जुन ध्यानयोग हो–त्यसको सूक्ष्मरूपले यहाँ बताइन्छ ।

मुमुक्षु पुरुषका लागि मोक्षलाई छोडेर अरू कुनै कर्तव्य छैन ।—यो भन्दाखेरि वैराग्ययुक्त मुमुक्षु ध्यान-योगमा अधिकारी हो । 'यतेन्द्रिय' भन्नाले 'प्रत्याहार' बताएको हो । 'यतमताः' बाट 'धारणा', 'ध्यान' र 'यतबुद्धि' द्वारा 'समाधि' बताएको हो । 'जसको इच्छा, भय र क्रोध नाश भएको छ' भनेर 'मोक्षपरायण योगीको स्वरूप, को निरूपण गरियो ।

श्लोक ३० को अर्थ—

समाहितचित्त योगी सबै वस्तुमा समदृष्टि सम्पन्न भएर आत्मालाई सारा भूतभित्र देख्छन् र आत्मामा सारा भूतहरूलाई प्रतिष्ठित देख्तछन् ।

श्लोकको टीका—

तिमी परमात्मा हौ' आदि वेदान्त–महावाक्यको अर्थज्ञान भएपछि निरतिशय सुख या ब्रह्मानन्द प्राप्त हुन्छ—त्योदेखि भिन्न कुनै बाटो छैन' यस्तो श्रुतिमा

भनिएको छ। महावाक्यको अर्थज्ञानबाट नै बताइएको फल योगले दिन्छ। महावाक्यको अर्थज्ञान–विना योगले स्वतन्त्ररूपले त्यो फल दिन सक्तैन।

यसकारण योग शुद्ध त्वं पदार्थको हेतु हो भनी यो श्लोकमा बताइन्छ।

समाधिबाट अत्यन्त निर्मल मन भएको योगी आफ्नो आत्मालाई—अविद्या रचित देह आदिको परिच्छेदरहित भएको हुनाले––**अधिष्ठानरूपले** सबै भूतमा अवस्थित देख्नुहुन्छ र ब्रह्माआदि **सारा भूतलाई** आफ्नो आत्मस्वरूपमा अध्यस्तरूपले देख्नुहुन्छ। यसको कारण यो हो कि सारा प्रपंचमा योगीले निर्विशेष ब्रह्म नै देख्नुहुन्छ।

त्यसैले यो कुरा देखाइएको हो कि, 'आफ्नो बास्तवस्वरूप (शुद्ध त्वं पदार्थ) हो अविद्याबाट आ.नो स्वरूपमा कल्पित भएको जगत्‌को उपादानरूपले स्थित केवल चैतन्यरूप सत्तासामान्य ब्रह्म—आफूसिवाय अरू वस्तु छैन' भन्ने कुरा योगी जान्नुहुन्छ। यसरी योग हो शुद्ध त्वं पदार्थ ज्ञानको हेतु भन्ने यो कुरा देखाइसकेको हो।

श्लोक ३१ को अर्थ—

जो अरू कार्यबाट विरत भैकन निरन्तर ध्यान परायण भएर सर्वदा मेरो उपासना गर्छन्, ती नित्य अभियुक्त व्यक्तिहरूको योग र क्षेम म नै संपादन गर्छु।

श्लोकको टीका——

योग्य वस्तुको कामना गरीकन कर्मानुष्ठान गरेपछि भोगादि प्राप्त हुन्छ। किन्तु जो तत्वदर्शी पुरूष हुनुहुन्छ, निष्काम भएर तपाईको उपासना गर्नुहुन्छ, उहाँहरू जस्ता भोग–कामनारहित भक्तहरूको शरीर स्थितिको लागि प्रयोजनीय योग र क्षेम कसरी सिद्ध हुन्छ ?

यः नै अहिले बताइन्छ– जो परमात्मा देखि आफूलाई पृथक भनी बोध गर्दैनन्, भगवान् नारायणलाई जो आत्मभावले प्राप्त गरेर— "म नै हूँ वासुदेव" यस्तो जानेर— अन्त:रात्मादेखि अभिन्न मलाई ध्यान गरेर उपासना गर्छन्– सब प्रकारले अवच्छिन्न रूपले मलाई अनुभव गरिरहन्छन्; तिनै सम्यग्दर्शी नित्य सतत अत्यन्त आदरपूवक मेरा चिन्तनमा व्यावृत व्यक्तिहरूको –अलब्ध वस्तुको प्राप्ति र लब्ध वस्तुको परिपालन यो दुइटाको संपादन म नै गर्छु। किनकि यी मुमुक्षु भक्तहरू —मेरो आत्मस्वरूप भएका हुनाले—मेरा अत्यन्त प्रिय छन्। यद्यपि अरू भक्तहरूको योग र क्षेम भगवान् नै प्राप्त गराउनुहुन्छ, तथापि ती पृथक्दर्शी भक्तहरू आफ्नो भोगको इच्छाले आफू नै आफ्नो योग र क्षेम सम्पादन गर्नको लागि प्रयास गर्छन्। तर जो अपृथक्दर्शी छन् उनीहरू कहिलैपनि आफ्नो भोगको इच्छाले योग र क्षेम सम्पादनको लागि चेष्टा गर्दैनन्। जीवनभर र मरण-

कालमा पनि—सारा अवस्थामा नै—उनीहरू आफ्नो लागि भोग कामना गर्दैनन् किनकि उनीहरू सबै समयमा एकमात्र भगवानलाई आश्रय गर्दछन्. त्यसकारण भगवान् नै उनीहरूको योग र क्षेम सम्पादन गर्नुहुन्छ। यत्ति हो विशेष।

अन्यत्र पनि भनिएको छ कि भगवान् हरि सारा कामना सम्पन्न गर्नुहुन्छ, जो भगवानको ध्यान धारणामा सतता तत्पर हुन्छन् अर्थात् (अह मम भाव उठ्न नदिएर सर्वदा अन्तर्मुख भएर स्थित रहन्छन्) उनीहरूलाई भगवान् हरि आयु, आरोग्य, अर्थ र आनुषङ्गिक योगहरू प्रदान गर्नुहुन्छ। उहाँ (परमात्मा) सारा कामना पूर्ण गर्नुहुन्छ। यसकारणले पनि भगवान् हरिको भजन गर्नु कर्तव्य हो। मुमुक्षु भक्तहरूको लागि एकाग्रता भूमिबाट क्रमले चित्तको निरोध भूमिका भगवान् नै प्राप्त गराउनुहुन्छ र प्राप्त भएको अखण्डाकार चित्तवृत्तिलाई परम अखण्डाकार पनि तुल्याइदिनुहुन्छ। यसरी चिन्तन मात्रले नै भगवान् भोग र मोक्ष साथ साथै प्रदान गर्नुहुन्छ यसकारण भगवानलाई **"चिन्तामणि"** भनिन्छ।

दैवपरायण हुनु हो, उत्तम पुरूषार्थ—यो योगवाशिष्ठ ग्रन्थमा (उत्पत्ति प्रकरण ६२, सर्गमा) दैवशब्दार्थ निरूपण प्रसङ्गमा भगवान् वशिष्ठले बताउनु-

भएको छ—जसलाई जो कुछ प्राप्त हुन्छ, त्यो दैव या ईश्वर नियतिअनुसार नै प्राप्त हुन्छ। यो साधनबाट यो फल यो मनुष्यलाई प्राप्त हुन्छ—अर्थात् जस्तो साधन हुन्छ, त्यस्तो फल अवश्य अधिकारी पुरूषलाई दैवद्वारा प्राप्त हुनै पर्छ। यो ईश्वरको नियमलाई दैव भनेको हो। मनुष्य जस्तो प्रकारको पुरूषार्थ गर्छ, त्यसअनुसार फल प्राप्त हुन्छ। जो पुरूष दैवपरायण हुन्छ—अर्थात् दैव जस्तो प्राप्त गराउँछ उसैमा म सन्तुष्ट रहन्छु, यस्तो निश्चय गरेर निश्चिन्त र निश्चेष्ट स्थित हुन्छ–उसलाई जो कुछ प्राप्त हुन्छ त्यो ईश्वर नियति अनुसार नै हुन्छ। यो ईश्वर नियतिको उल्लंघन—ब्रह्मा, विष्णु र रूद्रादि पनि गर्न सक्नुहुन्न। पुरूषार्थ त्याग गरेपछि फल मिल्न सक्तैन। जो पुरूष जुन फलको निमित्त पुरूषार्थ गर्छ, त्यसलाई त्यै फल प्राप्त हुन्छ। प्रयत्न परित्याग गरेर निष्क्रिय भएर बसी विषयको चिन्तन मात्र गरेपछि निष्फलता प्राप्त हुन्छ। तर जो पुरूष विषयको इच्छा र सारा कर्म परित्याग गरेर विषयाकार वृत्तिशून्य र दैवपरायण भएर बस्छ—चित्तमा विषयवासना उठ्न दिंदैन–त्यसको सफलतानै हुन्छ अर्थात् उ सफल पुरूषार्थी हुन्छ। **किनकि विषयचिन्तनरहित हुनुहो अत्यन्त उत्कृष्ट पुरूषार्थ**–चिन्ता गरेर जो अर्थ प्राप्त हुन सक्तैन त्यो अयाचक पुरूषलाई प्राप्त भैहाल्छ–

यो हो ईश्वरको नियति (नियम) आत्मबोधको लागि जो पुरूषार्थ गरिन्छ, त्यै पुरूषार्थ हो सफल। ब्रह्मस्वरूप प्राप्तिको लागि तीव्र अभ्यास गरेपछि परमपद अवश्य नै प्राप्त भै हाल्छ।

श्लोक ३२ को अर्थ—

यी चार प्रकारका भक्तहरूमध्ये नित्ययुक्त र एक भक्ति मुमुक्षु नै प्रधान हुन्। तनको म अत्यन्त प्यारो हुँ र नी तत्ववेत्ता मेरा प्यारा हुन्।

श्लोकको टीका—

ती पूण्यात्मा भगवदभि-रुव चार प्रकारका भक्तहरू मध्ये भगवत्तत्ववेत्ता मुमुक्षु प्रधान हुन् किनकि तिनी आफ्नो स्वरूप भगवान्मा सधैं समाहितचित्त भएर रहन्छन्। यो असार संसारमा भगवान् मात्र सार हो। त्यही मेरो यथार्थ स्वरूप हो।–यस्तो एक अद्वितीय आफ्नो स्वरूप-देखि अत्यन्त अभिन्न भगवान्मा मुमुक्षुको प्रीति भइहाल्छ। (यसैलाई प्रेमलक्षणा भक्ति भन्दछन्।) सबै भक्तहरू भन्दा यी भक्त उत्कृष्ट हुन, किनकि तिनले मलाई आफ्नो स्वरूप भनेर बुझेका हुन्। यसैले म उनको अत्यन्त प्यारो छु। आत्मा सबैभन्दा प्यारो हो।—यो मुमुक्षुको आफ्नो स्वरूप हो·वासुदेव। त्यसैले वासुदेव तिनका अत्यन्त प्यारा हुन्। तत्ववेत्ताको लागि भगवान् निरूपाधिक प्रेमको वस्तु हुनुहुन्छ, किनकि भगवान् परम

पुरुषार्थ र भक्तको आफ्नो वास्तव स्वरूप हो। त्यो मुमुक्षु पनि मेरो अत्यन्त प्यारो हो, किनकि त्यो मेरो आत्मा नै हो।

श्लोक ३३ को अर्थ—

धेरै जन्म वितेपछि 'सारा वस्तु नै वासुदेव हुन्' भन्ने जानेर मुमुक्षु भक्तले मलाई प्राप्त गर्छन्। यसैले यस्ता महात्मा जगत्मा अत्यन्त दुर्लभ हुन्।

श्लोकको टीका—

भगवान्को स्वरूपको वेत्तालाई फेरी स्तुति गरिन्छ। भगवान्को स्वरूप जान्न अनुकूल संस्कार धेरै जन्ममा गरिएको पुण्यकर्मको फलले बढेपछि उत्तम भक्तले वासुदेव मलाई सारा जीवको अन्तरात्मा भनी जान्दछन् (आफ्नो अन्तरात्मा भनी अनुभव गर्छन्)। तिनी सबै वस्तुलाई वासुदेव ठान्छन्। यस्ता मानिस ठूलो वैभवले युक्त र अत्यन्त दुर्लभ हुन्।

स्वप्नबाट बिउँझेपछि स्वप्नको सारा सृष्टि जस्तो आफ्नै स्वरूप देखिन्छ—आफै सारा वस्तुको सार र अन्तरात्मा भनो अनुभव हुन्छ—त्यस्तो भगवानको तत्ववेत्तालाई वासुदेव नै जगतका सारा पदार्थको यथाथ स्वरूप भन्ने प्रत्यक्ष थाहा हुन्छ। किनकि भगवान् (समष्टि वासनायुक्त चैतन्य या संवेदन) बाट नै सारा जगतको विस्तार भएको हो। तिमी, म र सारा वस्तु

भगवान्‌को स्वरूप नै हो। त्यसोभए उत्तम भक्त भगवान्‌लाई आफ्नो अन्तरात्मा भनी अनुभव गर्नुहुन्छ।

स्वप्नमा यदि आफ्नो जाग्रत् स्वरूपको याद भए स्वप्नमा स्थित भएर पनि कसैले स्वाप्निक पदार्थबाट आफूलाई सुखी अथवा दुःखी ठान्दैन त्यस्तै भगवत्तत्ववेत्ता पनि—आफ्नो आत्मस्वरूप वासुदेवमा सर्वदा समाहित चित्त भएको हुनाले र परमेश्वरलाई परम पुरूषार्थ र आफ्नो वास्तव स्वरूप भनी प्रत्यक्षरूपले अनुभव गरेको हुनाले—अर्थात् आफ्नो स्वरूपको निश्चय अक्षुण्ण भएको हुनाले–पहिलेको वासनाको फलले देखिएको जगत्‌को प्रातिभासिक आफ्नो शरीर आदि कुनै पदार्थको लागि इच्छा उठ्दैन र सुख दुःखबाट कुनै क्षोभ प्राप्त हुँदैन। शरीरको स्वाभाविक प्रारब्ध नै भइरहन्छ तर त्यसमा अभिमान हुँदैन। आफ्नो यथार्थ (अधिष्ठान) स्वरूपको–परमेश्वर स्वरूपको याद या निश्चय हो मुमुक्षु भक्तको विशेषता र दुर्लभ हुनुको कारण।

श्लोक ३४ को अर्थ—

हे पार्थ ! परमात्मास्वरूप आफूमा परितुष्ट भएर जुन वेलामा ज्ञानी सबै किसिमका मनोगत काम (इच्छाविशेष) लाई त्याग्दछन्, त्यसै वेला (यस्ता) ज्ञानीलाई स्थित प्रज्ञ भन्दछन्।

श्लोकको टीका—

जुन मानिस पहिलदेखि नै नित्य नैमितिक सारा कर्म त्यागेर **ज्ञानयोगनिष्ठामा प्रवृत्त** हुन्छ अथवा **कर्मयोगको अवलम्बन गरेर** ज्ञानयोगनिष्ठामा प्रवृत्त भएको छ यस्ता दुई किसिमको साधकहरूमध्ये जुनचाहिंले **परमार्थदर्शनरूप प्रज्ञा** (अखण्डाकार बुद्धि) प्राप्त गरेको हुन्छ (अर्थात् ज्ञानी हुन्छ), त्यो **ज्ञानीको लक्षण र साधन**—यो श्लोकदेखि शुरू गरेर (यो द्वितीय) अध्यायको समाप्तिसम्म बताइन्छ। सारा अध्यात्म शास्त्रमा **जीवनमुक्त मानिसको जुन लक्षण हो त्यही नै साधन**—रूपमा उपदेश गरिन्छ किनकि, यो सारा लक्षण प्रयत्नसाध्य हो। जुन साधन यत्न-साध्य हो त्यही साधन जीवन्मुक्तको लक्षण हुन्छ।

भगवान् भन्नुहुन्छ जब हृदयमा पसिराखेका भोग्य वस्तुहरूको भोग गर्ने **इच्छा विल्कुलै त्याग गर्छ र** परमार्थदर्शनरूप **अमृतको स्वाद पाएर अरू सारा पदार्थको तृष्णाले रहित हुन्छ** तब त्यसलाई ज्ञान-निष्ठ भन्छन्। किनभने बाहिरी पदार्थ पाउने इच्छा नै परमार्थ-दर्शनको प्रतिबन्धक हो। सारा भोग्य वस्तुका

इच्छा हटेपछि साधक आत्मस्वरूपमा परितुष्ट भएपछि स्थितप्रज्ञ भनिन्छ ।

जो समाहित हुन्छ उसको **सबै प्रकारको चित्त-वृत्ति विनष्ट भएको हुनाले** ऊ—बाह्य पदार्थ (बाह्य काम) पाउने आशा र **आन्तर काम** (सामान्यरूपले ज्ञात भएको वस्तुको मनमा रहेको संस्कार अर्थात् **वासनारूप काम**) त्याग्दछ, तथापि **उसलाई एक प्रकारको सन्तोष प्राप्त हुन्छ—** जो मुखको प्रसन्नतारूप चिन्हबाट अनुमान गर्न सकिन्छ । यो सन्तोष कुनै प्रकारको **कामविषयक होइन, किन्तु आत्म-विषयक हो ।** किनकि **उसले सबै किसिमको काम (इच्छा) त्यागिसक्यो,** फेरि उसको बुद्धि परमानन्दरूप आत्मा (ब्रह्म) देखि अभिन्न भइसकेको छ । स्वप्रकाश चित्स्वरूप त्यही आत्मानन्द प्रकाशित हुन्छ । यो सन्तोष चित्तको वृत्तिरूप होइन, किन्तु वृत्तिको संस्कारस्वरूप हो । यस्तो लक्षणले समाधिस्थित ज्ञानीको वर्णन हुन्छ ।

श्लोक ३५ को अर्थ—

सारा काम्य वस्तुको परिहार गरेर कुनै किसिमले प्राणधारणको अनुकूल व्यापार मात्र गरेर जो पुरुष

रहन्छ त्यही निःस्पृह; निर्मम, निरहंकार पुरूषले मोक्ष (शान्ति) पाउँछ ।

श्लोकको टीका——

निःस्पृहको अर्थ हो शरीर-धारण मात्रमा पनि जसको स्पृहा (इच्छा) हूँदैन । निर्मम शब्दको अर्थ हो 'जीवन रक्षाको निमित्तमात्र प्राप्त भएको पदार्थमा पनि जसलाई ममता थाह छैन । निरहंकारको अर्थ हो, 'जसलाई विद्वान् हुनु' इत्यादिबाट अभिमान हूँदैन । जो पुरूष यसरी निःस्पृह, निर्मम र निरहंकार हुन्छ संसारका सारा दुःखबाट छुटेर उसैले शान्ति पाउँछ अर्थात् ब्रह्म-स्वरूप हुन्छ ।

स्थूल, सूक्ष्म र कारण शरीरबाट उपभोग्य तीन प्रकारका काम्यमान (कामना गरिने) विषय छन् । उनीहरूको भित्र स्थूल कामको त्याग एकान्तसेवनबाट संभव हुन्छ । जाग्रत बासनाबाट उत्पन्न भएका जुन कामहरू स्वप्नकालमा स्फुरित हुन्छन्, उनीहरूको त्याग भगवान्को ध्यान आदि सद्बासनाको अभ्यासको बलले संभव हुन्छ । संप्रज्ञात समाधिकालमा संकल्पले मात्र खड़ा गरेका दिव्य कामहरूको त्याग असंप्रज्ञात समाधि-को आभासको बलले संभव हुन्छ ।

यो तीन किसिमको कामना परित्याग पूर्वक प्रारब्धको वशले जुन पुरूष विषयको भोग गर्छ र इच्छा-

शून्य हुन्छ, त्यो निर्मम हुन्छ। कसरी अहंकार शून्य भैकन निर्मम हुन्छ ? अहंकार हराए शान्ति प्राप्त हुन्छ।

आनन्द हो–आफ्नो स्वरूप, किनभने आफ्नो स्वरूपमा सबैको निरूपाधि प्रेम देखिन्छ। आत्माको स्वप्रकाश तथा सदानन्दस्वरूपको अनुभव सुषुप्तिकालमा हुन्छ। सुषुप्तिको सुख कुनै नयाँ पाएको सुख होइन, किनभने त्यो वेला सुख आउने कुनै साधन विद्यमान छैन। बुद्धिको लय भएको हुनाले तत्कालमा सारा चेष्टाको अभाव नै सुखको साधन हो। यस्तो भन्नु बन्दैन किनकि एक कुराको निवृत्तिबाट अर्को कुराको उत्पत्ति कहिले पनि देखिदैन (अर्थात् चेष्टाको अभावबाट सुखको आविर्भाव हुन सक्दैन)। अभावबाट भावको उत्पत्ति अर्थात् सुखको उत्पत्ति संभव छैन। दुःखको अभावलाई नै सुख भनिन्छ भन्ने कुरा पनि ठीक होइन किनकि सुषुप्तिकालमा दुःखको अभावलाई अनुभव गर्ने साधन मन, बुद्धि विद्यमान छैन; फेरि जुन कुरा अनुभव भएको थिएन, उसको परामर्श अर्थात् पछि याद हुनु संभव छैन (यसैले आफ्नो स्वरूप नै स्वयं प्रकाशमान आनन्द हो भन्ने निश्चय हुन्छ) निष्क्रिय, निरंश चैतन्यस्वरूप आत्माको सुन्नु, व्यूँझनु स्वतः हुन सक्दैन, किन्तु यिनै अवस्थाहरू हुन् उपाधिकृत। त्यसकारण 'म सुतेको थिएँ' यस्तो भन्नुबाट तत्कालमा बुद्धिरूप उपाधिको उपशम

भएको थियो भन्ने कुरा बुझाइन्छ। त्यसैले सारा अवस्थामा नै स्वयं अनुभूयमान आफ्नो स्वरूप हो चैतन्य र सत् आनन्दरूप।

मूर्छा र सुषुप्ति अवस्थामा बुद्धिको लय भए तापनि बुद्धिको कारण जुन् अज्ञान तत् कालमा साक्षी—दृश्य भएको हुनाले विउझेपछि सुषुप्तिको विवेचन गर्दा प्रतिभात हुन्छ, यो अज्ञान सुषुप्तिकालमा आनन्दाकार वृत्तिको उत्पत्तिमा कारण हुन्छ। यसरी सुषुप्तिकालमा अज्ञानमा र जाग्रत्कालमा बुद्धिवृत्तिमा आनन्दस्वरूप अन्तरात्मा प्रतिबिम्बित हुन्छ। इष्ट पदार्थको दर्शनबाट, अनि लाभबाट र त्यसपछि भोगबाट उत्पन्न हुने तीन किसिमको साभास सात्विक बुद्धिवृत्तिहरूका नाम हुन् प्रिय, मोद र प्रमोद। यी तीन किसिमका बुद्धि-वृत्ति हुन् बुद्धिजन्य सुख। सुषुप्तिकालमा अज्ञानमा बुद्धिको लय भए पहिले बताएको तीन किसिमको बुद्धिजन्य सुखलाई कारणानन्द भनेको छ। अज्ञानमा प्रतिबिम्बित भएको सुखरूप आत्मालाई कारणानन्द भनेको छ। यसरी जाग्रतमा सुषुप्तिको विवेचन गरेपछि (१) साक्षिको आकार, (२) सुखआकार र (३) अज्ञान आकार देखिन्छ। यी तीन प्रकारका अज्ञानको वृत्ति सुषुप्ति—समयमा रहन्छन् अर्थात् अज्ञानको वशले आफू भोक्ता बनेर आनन्दस्वरूप आत्माको प्रतिबिम्बरूप भोग्य सुख भोग

गर्छ र बुद्धिको लय भएको हुनाले कुनै पदार्थको वारेमा केही जान्न सक्दैन। यी तीन किसिमका अज्ञानको वृत्तिलाई आनन्दमय कोश भनेको छ।

भोक्ता प्रतिबिम्ब आत्मसुख भोग गर्छ र केही कुरा जान्दैन। यसरी सारा जगत् र कोशहरूलाई जो बासना संयुक्त चैतन्य म अवभाषण गर्छु किनकि 'म यो जान्दछु' भन्ने कुरा सबैको अनुभवसिद्ध कुरा हो। दृश्य पनि हाम्रो नजीक अप्रकाशित छैन। त्यही सारा दृश्यको प्रकाशक अर्थात् दृश्ययुक्त साक्षी या भोक्ताको साक्षी हो यो श्लोकमा **अहंकारको** अर्थ।

यो अहंकारको लय कसरी संभव होला? मानिस कसरी निरहंकार होला? यसको जवाफमा भगवान वशिष्ठ भन्नुहुन्छ कि 'म' अहंकार हैन, यस्तो आफ्नो यथार्थ स्वरूप जानेर चैतन्य मात्र या सत्ता मात्र वस्तुमा केही जान्नुरूप चलन या उत्थान वास्तवमा छैन। अर्थात् संवित् सत्तामा संवेदन वास्तवमा छैन। यसरी जानेपछि मानिस निरहंकार हुन सक्छ। यसरी सारा दृश्यको अभाव भए—दर्शन या सम्बेदन उठ्नुभन्दा पहिले स्वयं प्रकाशित सारा संवेद्यवर्जित चैतन्य सदानन्दस्वरूप आत्मा परिशिष्टरूपमा प्रकाशित भएर आउँछ। यो कुरा निर्वाण प्रकरणको शिखिध्वज राजा र कचको उपाख्यानमा पाइन्छ।

साक्षी शब्दका दुईवटा अर्थ छन्। (१) दृश्यका साथ सयुक्त भइकन दृश्यलाई जो प्रकाश गर्छ उसैको नाम साक्षी—अर्थात् चैतन्य र विषयको परस्पर मिलन किम्बा चिडजडग्रन्थि किम्बा अहंकार यसैको नाम हो। यो चेत्ययुक्त चैतन्य अर्थात् संकल्पकर्ता किम्बा विषयको अनुसन्धाता हो विक्रियायुक्त (विकार भएको), किनकि यस्तो अवस्थामा चैतन्य नै अन्तःकरण–प्रतिबिम्बित प्रमाता बनिहाल्छ अर्थात् अन्तःकरणको र चैतन्यको परस्पर धर्म अध्यास हुन्छ किम्बा मन, बुद्धिसंग मिलेर शुद्ध चैतन्यले विकारी प्रभाता भावलाई साँचो ठान्दछ। (२) दृश्यरहित प्रकाश अर्थात् संकल्पको साक्षी या शुद्ध द्रष्टा हो साक्षी शब्दको अर्थ। यो साक्षी नै सकल सकल्परहित शुद्ध चैतन्यस्वरूप निरहंकार आत्मा हो। यसमा अज्ञान-कल्पित संसार धर्म छैन, किनकि साक्षी यही साक्ष्यकोटिमा आउछ, तब तीनौटा अवस्थालाई जान्ने केही रहँदैन। मनका कार्यहरू आत्मामा छैनन्, किनभने आत्मा कार्यहरूको साक्षी हो। मनले सारा काम गर्छ र उसको कार्य अविवेकले उस (मन) को नजीकमा स्थित आत्मामा आरोपित हुन्छ।

जड़ र चेतन अर्थात् प्रमेय र प्रमाता दुइटै दृश्य हुन्। दृश्य नभए द्रष्टाभाव अर्थात् अहंकार या साक्षी भाव रहँदैन। प्रमाताको सार हो साक्षी (म आफू नै)।

यो आफूमा नै अर्थात् क्षेत्रज्ञ ईश्वरमा सारा कुरा चढ़ाइदिएपछि चिन्ता अर्थात् चित्तको धर्म बाँकी रहँदैन। साँचो स्वरूपमा चित्त र चिन्ता छँदै छन। यो कुरा सबैको अनुभवले सिद्ध छ। जुन बखतमा शरीर वा जगत्सम्बन्धी केही चिन्ता आउँछ, त्यसै वेलामा चित्त अर्थात् त्रिपुटीभाव चैतन्य पुरूषमा चढ़ाइदिनुपर्छ। त्यसोभए सारा आपत् हटेर जान्छ र मुमुक्षु आफ्नो शुद्ध चैतन्यस्वरूपमा स्थित भइहाल्छ।

म छैन, जगत पनि छन अर्थात् प्रमाता र प्रमेय हो दृश्य। यो दृश्यलाई द्रष्टामा लय गरिदिनू। त्यसो भए शुद्ध द्रष्टा आफ्नो स्वरूप परिशिष्ट रूपले अनुभूत हुन्छ। म नै सबकुछ हुँ किम्वा म सब पदार्थ देखि अतीत हुँ भन्ने विचारबाट आफूलाई जान्दै गर्नु। म शरीरविशिष्ट हुँ भनेर आफूलाई कहिले पनि नठान्नू, किन्तु म दृश्यरहित द्रष्टा हूँ भन्ने निश्चय पूर्वक जानिरहनू। दृश्यरहित द्रष्टा हो सन्मात्र परमार्थ वस्तु ब्रह्म यो सारा वेदका निचोर कुरा हो।

यो निरहंकार आफ्नो स्वरूप हो अज्ञान विनिर्मुक्त आत्मा, अर्थात् भोक्ता आदि सारा दृश्यरहित शुद्ध अद्वितीय चैतन्यसत्ता। अज्ञानमा प्रतिविम्बित आनन्दले यो अखण्ड एकरस निराभास बिम्बभूत आत्मानन्दमा ब्रह्मानन्दलाई लखाउँछ।

जाग्रत्कालीन सुषुप्ति संबन्धित विवेचनबाट पनि सारा हालतमा चित् सदानन्द आफ्नो यथार्थ स्वरूपको अनुभव संभव हुन्छ ।

श्लोक ३६ को अर्थ—

जसबाट मानिस उद्विग्न हुँदैन र जो अरू कुनै मानिसबाट उद्विग्न हुँदैन, जो हर्ष क्रोध भय र उद्वेगबाट मुक्त छ, त्यो पनि मेरो प्रिय हो ।

श्लोकको टीका—

उद्वेग आदि रहित हुनु (अनर्थ प्राप्तिमा चित्तको विकार नहुनु) पनि हो ज्ञानी भक्तको विशेषण । ती कसैलाई पनि उद्वेग दिदैनन् । इष्ट वस्तुको लाभबाट अन्तःकरणको प्रसार, अरूको प्रकर्षलाई सहन गर्न नसक्नु, भय र उद्विग्न भाव—यो सारा मानसधर्मबाट जो रहित छ, त्यो हो मेरो प्रिय ।

श्लोक ३७ को अर्थ—

जो मानिस मान र अपमानलाई समान भनेर मान्दछ, जुन मानिसको मित्र र शत्रु समान हुन्छ, जो सब प्रकार आरम्भलाई परित्याग गर्छ त्यो गुणातीत भनी कहिन्छ ।

श्लोकको टीका——

गुणातीत पुरूषको आचाररूप लक्षणको उपसंहार गरिन्छ—विद्या आदि गुण र त्यको अभाव प्रयुक्त

स्तुति र निन्दा सित निर्विशेष शुद्ध चिन्मात्र आफ्नो स्वरूपको कुनै सम्बन्ध छैन, यस प्रकार अनुसन्धानको परिणामले जो तुल्यचित्त रहन्छ, दृष्ट र अदृष्ट फल प्राप्तिको लागि जुन कर्महरूको आरम्भ गरिन्छ, त्यो सब प्रकारका कर्मलाई जसले परित्याग गर्छ, जुन कर्मबाट देहधारण मात्रको प्रयोजन सिद्ध हुन्छ, त्यस्तो कर्म—जो स्वभाववशात् (प्रयत्नविना) गुणद्वारा सम्पन्न हुन्छ (देहधारण प्रारब्धमा ईश्वरको नीति अनुसार स्वतः भैरहन्छ) त्यसबाहेक अरू सारा कर्मलाई जसले परित्याग गर्छ–यसरी ज्ञानी भक्तहरूको ज्ञाननिष्ठा देखाइएको हो ।

प्रश्न :—गीता शास्त्रको सिद्धान्त अनुसार परम कल्याणको (मोक्षको) साधन के हो ?

उत्तर :—केवल आत्मज्ञान नै परम कल्याणको साधन हो, किनकि त्यो ज्ञान—भेद प्रतीतिको निवर्तक भएको हुनाले कैवल्य प्राप्तिमा प्रर्यवसित हुन्छ ।

क्रिया कारक र फल अविद्याबाट आत्मस्वरूपमा आरोपित हुन्छ । "म कर्ता होइन, मेरो क्रिया छैन, मेरो कुनै फल पनि छैन, मदेखि भिन्न यो जगत्मा कुनै वस्तु नै छैन" यस प्रकारको ज्ञान नै अविद्याको निवर्तक हो । केवल कर्मबाट मोक्ष प्राप्त हुँदैन र मिलित ज्ञान र कर्म

मोक्षको साधन हैन । मोक्ष स्वतः सिद्ध भएको हुनाले त्यो कर्म किम्बा ज्ञानबाट उत्पन्न हुन सक्दैन ।

प्रश्न :—त्यसो भए त ज्ञान पनि निष्फल होला ?

उत्तर:—व्यर्थ हैन, किनकि त्यो अविद्याको नाशक भएको हुनाले कैवल्यरूप फलमा उसको समाप्ति प्रत्यक्ष देखिन्छ । जस्तो रज्जुमा सर्पभ्रम-प्रदीप प्रकाशद्वारा निवृत्त भएपछि केवल रज्जु नै प्रत्यक्ष भैहाल्छ त्यस्तै आत्मस्वरूपमा आरोपित क्रियाकारक आदि आत्मज्ञान-द्वारा विनष्ट भएपछि अखण्ड आनन्द सनातन आफ्नू वास्तव स्वरूप स्वयं प्रत्यक्ष भैहाल्छ । जस्तो प्रदीपको प्रकाश रज्जुलाई उत्पन्न गर्दैन, त्यसलाई अभिव्यक्त गर्छ, त्यस्तै ज्ञानदीप (आत्मज्ञान) स्वतः सिद्ध आफ्नो स्वरूप ज्ञातरूपले प्रत्यक्ष गराइदिन्छ । त्यसो भए प्रत्यक्ष फलप्रद ज्ञाननिष्ठारूप क्रियामा लागिराखेको मुमुक्षुको आत्मा कैवल्य फलदेखि भिन्न फलयुक्त कर्ममा प्रवृत्त हुन सक्दैन । त्यसकारण ज्ञाननिष्ठा कर्मसहित हुन सक्दैन । जो मनुष्य राज्य-प्राप्ति फलप्रद कर्ममा व्यावृत रहन्छ, त्यसका जस्तो क्षेत्र प्राप्ति नै हो जसको फल, यस्तो कर्ममा प्रवृत हुन सक्दैन । ठीक त्यस्तै मोक्ष नै हो जसको फल, यस प्रकार ज्ञाननिष्ठामा लागिराखेको मुमुक्षुको कर्ममा अवकाश हुन सक्दैन ।

प्रश्न :—केवल ज्ञानबाट मोक्ष प्राप्त हुन्छ, यो कुरा ठीक होइन, किनकि वेदशास्त्र विहित नित्यकर्म नगरे-पछि नरकादि प्राप्ति रूप प्रत्यवाय हुन्छ ।

उत्तर :—यो ठीक होइन, किनकि अभाव (नित्य-कर्म नगर्नु) बाट भावको (प्रत्यवायको) उत्पत्ति हुन सक्दैन (काम्यकर्मको झैं नित्य कर्मको पनि पितृलोक आदि अदृष्ट फल मिल्ने हुनाले) त्यसको अनुष्ठानबाट पाप निवृत्ति संभव छैन । दुरित (पाप) क्षयको निम्ति आत्मविद्या नै आवश्यक हुन्छ । कर्मको मूल हो अविद्या, विद्याको उदय भएपछि शुभ र अशुभ सारा कर्म क्षय भैहाल्छ । अविद्या र काम यी दुइवटा हुन्–शुभाशुभ सारा कर्मका मूल कारण । अनात्मज्ञ व्यक्ति नै कर्ममा अधिकारी हुन्छ । आत्मतत्वज्ञ व्यक्तिको लागि सर्वकर्म-सन्यास र तत्पूर्वक ज्ञाननिष्ठा नै विहित भएको छ । मनन ध्यान समाधिनिरत पुरूषको ज्ञाननिष्ठाबाहेक अरू नित्य कर्मादिको प्रयोजन छैन । आफ्नू परमात्मा-स्वरूपमा मनलाई स्थित राख्ने प्रयत्न हो एकमात्र अनुष्ठान । देह, इन्द्रिय र मन–यी तीन कारणबाट साध्य क्रियादि हुन् सारा मिथ्या । सर्व दृश्य प्रपंचको परित्यागपूर्वक आफ्नो यथार्थ स्वरूपमा जो स्थित रहनु हो, त्यो नै हो–सन्ध्या आदि नित्यकर्म ।

श्लोक ३८ को अर्थ—

जुन मानिस आत्मरति, आत्मतृप्त र आत्मामा नै संतुष्ट छ त्यसले गर्नुपर्ने कर्म छैन ।

श्लोकको टीका—

त्यसो भए आत्मज्ञानी र अज्ञानी दुवै थरीले नै जगत्‌–चक्रको अनुवर्तन गर्न समान रूपले विहित कर्म गर्नु पर्छ कि ?

भगवानन् भन्नुहुन्छ, 'ज्ञानीले कर्म गर्नुपर्दैन । वास्तवमा परमेश्वरदेखि अभिन्न आफ्नो स्वरूपको निश्चय गरेर जुन ज्ञानीहरूको मिथ्याज्ञान हटिसकेको छ र मिथ्या–ज्ञान पनि पुरूषहरूद्वारा अवश्य कर्तव्य-विषयक इच्छा आदिबाट हटेर केवल शरीर यात्राको निमित्त भिक्षाचर्या मात्र जुन ज्ञानी गर्दछन्, **त्यस्ता ज्ञानीहरूको आत्मज्ञाननिष्ठासिवाय अरू केही कर्म नै छैन ।** यही कुरा नै वेद र गीता शास्त्रको तात्पर्य हो ।

आत्मज्ञानीको आफ्नो स्वरूपमा नै अनुराग (प्रेम) हुन्छ–शब्द आदि विषयमा हुंदैन । आफ्नो स्वरूपबाट नै जस–लाई तृप्ति हुन्छ, अन्न इत्यादिबाट होइन र जो अपनो स्वरूपमा नै संतुष्ट हुन्छ— सारा मानिसलाई बाह्यार्थं लाभमा सन्तोष हुन्छ । त्यही बाह्य लाभको अपेक्षा न–

गरेर जो आफ्नो स्वरूपमा नै संतुष्ट रहन्छ– अर्थात् सबै किसिमले वीततृष्ण (तृष्णा नभएको) आत्मज्ञानी पुरूषको कर्तब्य केही पनि छैन ।

श्लोक ३९ को अर्थ—

त्यो आत्मज्ञानीलाई कुनै किसिमको कामको कुनै प्रयोजन हुँदैन। कुनै शास्त्रविहित कर्म नगरे पनि केही अनर्थं हुँदैन। यो जगत्‌मा सारा प्राणीसंग ज्ञानीको कुनै किसिमको प्रयोजन हूँदैन ।

त्यो परमात्मातिर लागेको व्यक्तिले गरिएको कर्म-बाट केही प्रयोजन सिद्ध हुदैन। विहित कर्म नगर्नाले पनि ज्ञानीलाई कुनै किसिमको पाप लाग्दैन, न त कुनै हानि हुन्छ। कुनै प्राणीद्वारा सिद्ध हुने कुनै प्रयोजन ज्ञानीलाई छैन, जसको निमित्त कुनै क्रियाको अनुष्ठान ज्ञानीलाई गर्न परोस् ।

श्लोकको टीका—

सपनामा जस्ता नाना प्रकारको जगत् आरम्भ परिणामले सहित देखिन्छ, तर वास्तवमा कुनै पदार्थ उत्पन्न भएको छैन। आत्म सत्ता नै स्फूरणले गर्दा जगत् रूपले देखिन्छ। त्यस्तै यो जाग्रत जगत् पनि दृश्य–द्रेष्टनु-को अत्यन्त सूक्ष्म वासना या दृढसंस्कार या संवेदनबाट देखिएको हो। यो सारा जगत् आफ्नो अनुभवरूप हो। तर भ्रमले गर्दा आकारसहित देखिन्छ। विचार गरेपछि

६३०६

AUTHOR चक्रवर्ती क्षितीषचन्द्र

TITLE गीता परिचय

NR66,6
CHA
2025.B.S

६३०६

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

9

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

मुद्रकः– साक्षात्कार छापाखाना, नारायणगढ़, चितवन,

NR66,6
CHA
2025 B.S.